international center for TRANSITIONAL JUSTICE

OCCASIONAL PAPER SERIES



# नेपालमा बेपत्तासम्बन्धी अवस्था

म्याडेलाइन फुलार्ड

**संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ) को बारेमा**

संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ) ले विगतका आम अत्याचार तथा मानवअधिकार उल्लंघनको लागि जवाफदेहीता खोजिरहेका देशहरुलाई सहयोग गर्दछ। केन्द्रले दमनकारी शासन वा सशस्त्र द्वन्द्वबाट निस्केका समाजहरुको साथै, ऐतिहासिक अन्यायहरु वा व्यवस्थित रुपमा गरिएका दुर्व्यवहारहरु समाधान भइनसकेका स्थापित लोकतन्त्रहरुमा काम गर्दछ।

न्याय, शान्ति तथा मेलमिलाप बृद्धि गर्न सरकारी पदाधिकारीहरु तथा गैरसरकारी वकिलहरुले, सम्भवत, मानवअधिकारका अपराधहरुका न्यायिक तथा गैरन्यायिक, दुवै प्रतिक्रियाहरु समावेश हुने गरी संक्रमणकालिन न्यायका विभिन्न पहुँचहरुको विचार गर्दछन्। केन्द्रले यी पाँच मुख्य तत्वहरुः पीडकहरुलाई कारवाही गर्ने, सत्य आयोगहरुजस्ता गैरन्यायिक माध्यमहरुमार्फत् उल्लंघनहरुको अभिलेख राख्ने तथा पहिचान गर्ने, दुरुपयोगी संस्थाहरुको सुधार गर्ने, पीडितहरुलाई परिपुरण प्रदान गर्ने, र मेलमिलापका प्रक्रियाहरु अघि बढाउने, समावेश हुने गरी संक्रमणकालिन न्यायको बारेमा एकीकृत, बृहद्, तथा स्थाननिर्देशित पहुँचहरुको विकासमा सहयोग गर्दछ।

स्थानीय क्षमताको निर्माण गर्न तथा संक्रमणकालिन न्यायको प्रगतिशील क्षेत्रलाई व्यापकरुपमा बलियो पार्न केन्द्र प्रतिबद्ध छ, र यसो गर्न केन्द्रले संसारभरिका संघसंस्थाहरु तथा विशेषज्ञहरुसँग निकट रहेर कार्य गर्दछ। स्थानीय भाषाहरुमार्फत् यस क्षेत्रमा काम गरेर केन्द्रले न्याय तथा सत्य-खोजीका संस्थाहरु, गैरसरकारी संस्थाहरु, सरकारहरु तथा अरुहरुलाई तुलनात्मक ज्ञान, कानुनी तथा नीतिगत विश्लेषण, लिखित दस्तावेज, तथा रणनीतिक खोज प्रदान गर्दछ।

**नेपालमा संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ) को कार्यको बारेमा**

सन् २००७ को मेदेखि संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र नेपालको संकमणकालिन न्यायको प्रक्रियामा संलग्न रहेको छ। यहाँको स्थानीय कार्यालय संकमणकालिन न्यायका विभिन्न सवालहरुमा, मुख्यत क्षमता अभिबृद्धिका पहलहरु गर्ने, प्राविधिक सहायता प्रदान गर्ने तथा नीतिगत तहमा परामर्श दिने लगायतका कार्यहरुमा, संलग्न रहेको छ। एउटा न्यायपूर्ण संक्रमणको लागि क्षमताको विकास गर्न केन्द्र नागरिक समाजका संस्थाहरु, सरकारी निकायहरु त्था अन्तर्राष्ट्रिय संस्थाहरुसँग नजिक रहेर काम गरिरहेको छ।

केन्द्रले सरकारी प्रतिनिधि, पीडितका समूह, अन्तर्राष्ट्रिय संस्थाहरु तथा दातृ समुदायसहितका विविध सरोकारवालाहरुसँग विभिन्न कार्यशालाहरु, पाठ्यक्रम तथा ज्ञान आदानप्रदानका कार्यक्रमहरु संचालन गरेको छ।

केन्द्रले एक स्थानीय साझेदार संस्था, एड्भोकेसी फोरमसँग मिलेर *नेपाली आवाज* नामक एक अनुसन्धान प्रतिवेदन प्रकाशित गरेको छ। त्यस प्रतिवेदनले नेपालको संक्रमणको बारेमा पीडितहरुका धारणा तथा विचारको सम्बन्धमा पहिलो पटक जानकारी संकलन गरेको थियो।

केन्द्रले सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता छानविन आयोग तथा परिपुरणका कार्यक्रमहरुको विकास सहितका मस्यौदा विधयेक तथा प्रस्तावित कार्यक्रमहरुमा विश्लेषण तथा सुझावहरु प्रदान गरेको छ।

**लेखकको बारेमा**

म्याडेलाइन फुलार्ड दक्षिण अफ्रिकाको राष्ट्रिय अभियोजन अधिकारीअन्तर्गतको हराइरहेका व्यक्तिहरुसम्बन्धी कार्यसमूहको प्रमुख हुन्। त्यस कार्यसमूहले दक्षिण अफ्रिकाको रंगभेदी सरकारका हातबाट “बेपत्ता” पारिएका र त्यहाँको सत्य निरुपण तथा मेलमिलाप आयोगले सुनुवाइ गरेका सयौं व्यक्तिहरुको खोजी तथा उत्खनन गर्दछ। उनले दक्षिण अफ्रिकाको सत्य निरुपण तथा मेलमिलाप आयोगमा वरिष्ठ अनुसन्धान विश्लेषकका रुपमा ६ वर्ष काम गरिन् र “त्यस आयोगको प्रतिवेदन”का विभिन्न खण्डहरु पनि लेखिन्। उनी दक्षिण अफ्रिकाको स्वतन्त्रता संघर्षमा पाँच भागको पुस्तक "The Road to Democracy Project" का सहलेखक हुन्।

मुख्य पृष्ठको फोटोः ६० बर्षीय चित्रबहादुर चेपाङकी श्रीमती सुकमाया चेपाङ उनकी नातिनीसँग जोगिमाराको मकै खेतमा। कालिकोटका लागि हिँडेका १७ जनामध्ये चित्रबहादुर सबैभन्दा जेठो व्यक्ति थिए। कामको अभाव, बढ्दै गइरहेको पारिवारिक ऋण तथा बेच्नको लागि गाइबस्तु, खसी वा अन्न पनि बाँकि नरहेकोले उनी जोगिमारा छोडेर हिँडेका थिए। आफ्नो श्रीमान बेपत्ता भएको खबरले सुकमायालाई यति गहिरो मानसिक आघात पऱ्यो कि उनी महिनौंसम्म एक शब्द बोलिनन् र उनको भर्खर किशोरावस्थाका जेठो छोरोले उनको र ४ जना भाइबहिनीहरुको हेरविचार गर्नुपरेको थियो।
फोटो सौजन्य किशोर कायस्थ/अन्तर्राष्ट्रिय रेडकस समिति

international center for TRANSITIONAL JUSTICE

# संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र

## नेपालमा बेपत्तासम्बन्धी अवस्था

नेपालमा बलपूर्वक बेपत्ता पार्ने तथा अपहरण गर्ने घटनाहरुबाट मानव अधिकारको गम्भीर उल्लंघन भएको विशिष्ट परिवेशको सन्दर्भमा संक्रमणकालिन न्यायका लागि कार्य गर्न ढोका उग्रेको महसुस भएको परिप्रेक्ष्यमा यो प्रतिवेदन निर्माण भएको छ। यो मुद्दा संक्रमणकालिन न्यायको क्षेत्रभित्रका थुप्रै महत्वपूर्ण विषयहरुसँग बलियोसँग गाँसिएको छ। तसर्थ यसले संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ) सामु थुप्रै चुनौती तथा अवसरहरु खडा गरेको छ।

यस प्रतिवेदनको लक्ष्य नेपालमा बेपत्ता तथा संक्रमणकालिन न्यायसम्बन्धी विषयको बुझाइलाई सुदृढ पार्नुका साथै बेपत्ता सम्बन्धी मुद्दाहरुलाई सम्बोधन गरी अघि बढ्नका लागि अत्यावश्यक कानुनी तथा नीतिगत अवसरहरू, चुनौतीहरू तथा प्राथमिकतामाथि विचारविमर्श गर्नु हो।

यो प्रतिवेदनको रुपरेखा सन् २००७ को नोभेम्बर/डिसेम्बरमा नेपालमा विभिन्न संस्थाहरू, व्यक्तिहरू तथा समूहहरूसँगको करीब दश दिनको परामर्श तथा छलफलपछिका केही महिनाहरूमा तयार गरिएको हो। नेपालमा संक्रमणकालिन न्यायसँग सम्बन्धित लेख तथा प्रतिवेदनहरू अध्ययन गरी यसलाई अझ विकसित गरिएको छ।

म संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ) का नेपालस्थित प्रतिनिधिहरु कार्ला फहार्डो, वरिशा फरासत तथा वासुकी नेसियालाई अत्यन्तै सौहाद्रतापूर्वक तथा सक्षमताकासाथ यस प्रतिवेदन तथा भ्रमणलाई सहयोग पुऱ्याएकोमा साथै एड्भोकेसी फोरमका विशेष गरी मन्दिरा शर्मा, जितेन्द्र बोहोरा तथा कोपिला अधिकारीद्वारा सहयोग प्रदान गरिएकोमा आभार व्यक्त गर्न चाहन्छु। मैले नेपालमा भेटेका संगठन तथा प्रतिनिधिहरू आफ्ना ज्ञान तथा अनुभवहरू आदानप्रदान गर्ने क्रममा अत्यन्त सहयोगी तथा उदार थिए। ती संगठन र तिनका प्रतिनिधिहरु यस प्रतिवेदनको अन्तमा सुचिकृत गरिएको छ।

**म्याडेलाइन फुलार्ड, जुन २००८**

**प्रकाशक**
संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र नेपाल
झम्सिखेल, ललितपुर
पो.ब.नं.: ८९७५, इ.पि.सि. २१२५
काठमाडौं, नेपाल
फोन: ९७७ ०१ ५०१३५४६/ ५०१३५७२

# प्रतिवेदनको विषयसुची

**क) नेपालमा बेपत्तासम्बन्धी समस्याको सम्बोधन** **१–१८**
१) नेपालमा बेपत्तासम्बन्धी अवस्थाको सिंहावलोकन ३
२) बेपत्तासम्बन्धी पछिल्लो विकासक्रमको सिंहावलोकन ६
३) वर्तमान अवस्थाका सकरात्मक पक्षहरू तथा उपलब्धिहरू ९
४) वर्तमान प्रक्रियाका अवरोधहरू १२
५) सत्य जान्न पाउने अधिकार र दण्डहीनताको सम्बोधन १५
६) संक्रमणकालिन न्यायका विभिन्न संयन्त्रहरुबीचको अन्तर्सम्बन्ध १७

**ख) बेपत्तासम्बन्धी प्रभावकारी कार्यको सुनिश्चतताको लागि महत्वपूर्ण क्षेत्रहरू** **१९–३४**
१) अभिलेखन २१
२) पीडितका संगठनहरू २३
३) अनुसन्धान तथा उत्खननको प्रभावकारी कानुनी परीक्षण (forensic) कार्यक्रम २६

**ग) परामर्श लिइएका संगठन तथा व्यक्तिहरूको सुची** **३५–३७**

# नेपालमा बेपत्तासम्बन्धी समस्याको सम्बोधन

क

# १ नेपालमा बेपत्तासम्बन्धी अवस्थाको सिंहावलोकन

सन् १९८५ देखि नै नेपालमा बेपत्ता पार्ने घटनाहरू थोरै संख्यामा देखिएका थिए । यद्यपि, संवैधानिक राजतन्त्रको उन्मुलन तथा जनगणतन्त्रको स्थापनातर्फ लक्षित दशवर्षे माओवादी विद्रोहले राज्यको दमन र विद्रोह प्रतिकार गर्ने रणनीतिहरू निम्त्यायो र नियमित रुपमा बलपूर्वक बेपत्ता बनाउने कार्यहरुको श्रृङ्खला नै देखापर्‍यो । सन् २००१ को नोभेम्बरदेखि २००२ को अगस्तसम्म लगाइएको संकटकाल, शाही नेपाली सेनाको परिचालनपश्चात स्थापना गरिएको संयुक्त सुरक्षा फौज (unified command) तथा आतंककारी तथा विध्वंसकारी अध्यादेश जस्ता दमनकारी उपायहरूको बृद्धिसँगै सन् १९९८ यता द्वन्द्व चर्कियो र यसको परिणामास्वरुप अपहरण गरिएका तथा बेपत्ता पारिएका मानिसहरूको संख्यामा बृद्धि हुँदै गयो । अस्वेच्छिक तथा बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूह (UNWGEID) ले सन् २००२ तथा २००३ मा नेपाल सबैभन्दा बढी व्यक्तिहरू बेपत्ता बनाउने राष्ट्र बन्न पुगेको कुरा प्रतिवेदनमा उल्लेख गरेको छ ।[1] यसका साथसाथै विद्रोही माओवादीका सदस्यहरूद्वारा सीमित संख्यामा भए पनि व्यक्तिहरूको अपहरण गर्ने काम पनि अघि बढ्यो । सन् २००६ मा शान्ति प्रक्रियाको शुरुआतसँगै बलपूर्वक बेपत्ता बनाउने तथा अपहरण गर्ने घटनाहरू निकै कम भएर गए र त्यति बेलादेखि यस्ता प्रकारका केही छिटपुट घटनाहरुमात्र जानकारीमा आएका छन् ।

## १.१. शब्दावली

नेपालमा, राज्यद्वारा बेपत्ता पारिने अवस्थाका लागि *'बलपूर्वक बेपत्ता'* भन्ने शब्दावलीको प्रयोग गरिन्छ भने गैर-राज्यपक्ष, खासगरी नेपाल कम्युनिष्ट पार्टी - माओवादी (नेकपा-माओवादी) द्वारा त्यस्तो घटना गराइएमा *'अपहरण'* शब्दको प्रयोग गरिन्छ । यो अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी शब्दावलीसँग मिल्दोजुल्दो छ र यसले अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुनका अवधारणा र नेपालका मानव अधिकारवादी संस्थाहरूको अर्न्तक्रियालाई दर्शाउँछ ।

अर्न्तराष्ट्रिय रेडक्रस समिति (ICRC) ले अन्यत्रजस्तै नेपालमा पनि मानवतावादी ढाँचामा रहेर काम गर्दछ र यसले आफ्नो कार्यक्षेत्रमा 'हराइरहेका व्यक्तिहरु' (Missing persons) भन्ने शब्दावलीको प्रयोग गर्दछ । यस शब्दावलीले सशस्त्र द्वन्द्वका कारण हाल कहाँ छन् भन्ने थाहा नभएका सबै व्यक्तिहरुलाई जनाउँछ । अर्न्तराष्ट्रिय रेडक्रस समितिले 'हराइरहेका' तथा 'बेपत्ता पारिएका' दुवै शब्दावलीलाई एकै अर्थमा प्रयोग गर्दछ । तर 'हराइरहेका' भन्ने शब्दको अर्थ 'बलपूर्वक बेपत्ता पारिएका' भन्ने शब्दा भन्दा फरक हुन्छ । 'हराइरहेका' भन्ने शब्दले अपराध भएको हो वा होइन भन्ने कुरा प्रष्ट गर्दैन । यसले बलपुर्वक बेपत्ता पारिएका वा अपहरण गरिएका व्यक्तिहरुका साथै युद्धावस्था (जस्तो कि मानव अवशेष संकलन नभएका सशस्त्र आक्रमणको घटना) का कारण बेपत्ता भएका मानिसहरू समेतलाई समेट्छ । अर्न्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्गत त्यस्ता हराइरहेका व्यक्तिहरुको बारेमा सुचना प्राप्त गर्ने भरमग्दो प्रयास गर्नु र आवश्यक परेमा उत्खनन, सनाखत गरी मानव अवशेष सम्बन्धित परिवारलाई हस्तान्तरण गर्नु राज्यको दायित्व हुन्छ ।

[1] अवेच्छिक वा बलपूर्वक बेपत्ता सम्बन्धी कार्य समुहको प्रतिवेदन E/CN.4/2003/70*, २१ जनवरी २००३

## १.२. बलपूर्वक बेपत्ता तथा अपहरण गरिएका कार्यहरुको मात्रा वा स्तर

नेपालमा दशवर्षे द्वन्द्वको परिणामस्वरुप सुरक्षा निकायहरूद्वारा अनौपचारिक रुपमा थुनामा राख्ने तथा माओवादीद्वारा अपहरण गर्ने अभ्यासले हजारौंको संख्यामा तत्कालिन रुपमा बेपत्ताको घटना हुन पुग्यो । बेपत्ताका परिवार, गैरसरकारी संस्था, कानुन व्यवसायी तथा अदालतद्वारा थुप्रै प्रयासहरु भएता पनि थुनामा नै नलिइएको भन्ने प्रतिकिया सुरक्षा निकाय र केही हदसम्म माओवादीको पनि हुने गर्दथ्यो । उदाहरणको लागि, अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC) ले नेपालमा द्वन्द्व शुरु भएदेखि गोप्य थुना तथा गोप्य गिरफ्तारीका रुपमा १७,९६३ वटा बेपत्ताका घटनाहरू भएको अभिलेखन गरेको छ र प्राय त्यस्ता घटनाहरुमा यातना पनि दिने गरिएको जनाएको छ ।[२] यद्यपि, व्यक्ति बेपत्ता पारिएको त्यस्ता धेरैजसो घटनाहरू बेपत्ता पारिएको वा अपहरण गरिएका त्यस्ता व्यक्तिहरु रिहा गरी वा ती व्यक्तिहरु पुनः सार्वजनिक गरी समाधान गरिए ।

यी मध्ये केही घटनाहरु स्थायी बन्न पुगे । आजको अवस्थासम्म पुन देखा नपरेका बहुसंख्यक त्यस्ता व्यक्तिहरु मरिसकेको यस विषयसँग सम्बन्धित पक्षहरूको भित्री बुझाइ रहेको छ ।

हालसम्म समाधान नभएका बेपत्ताका घटनाहरू ६०० देखि ३००० को संख्यामा रहेको केहीको अनुमान छ भने यस विषयसँग सम्बन्धित प्रमुख संस्थाहरूसँगका अन्तरवार्ताहरुले **बलपूर्वक बेपत्ता पारिएका र अपहरण गरिएका व्यक्तिहरूको त्यस्तो संख्या १००० को हाराहारीमा** रहेको संकेत गर्छन् ।

बेपत्तासम्बन्धी काम गर्ने विभिन्न संस्थाहरूमा प्राप्त भएका र अहिलेसम्म समाधान नभएका घटनाहरूको संख्या तलको तालिकामा देखाइएको छ । कुनै पनि संस्थाले त्यस संस्थासँग भएको बेपत्ता व्यक्तिहरुको सुची पूर्ण वा निश्चित भएको दाबी गरेको छैन र सबैले यो संख्या परिवर्तन हुन सक्ने तथा यसलाई न्युनतम संख्याको रुपमा लिनु पर्ने बताएका छन् ।

**नेपालका विभिन्न संस्थाहरूको अभिलेखमा बलपूर्वक बेपत्ता पारिएका तथा अपहरण गरिएका घटनाहरूको संख्या**

| संस्था | बेपत्ता सम्बन्धी प्राप्त जम्मा घटनाहरुको संख्या | सुल्झिन बाँकी बलपूर्वक बेपत्ता पारिएका घटनाहरू | सुल्झिन बाँकी अपहरणका घटनाहरू | सुल्झिन बाँकी जम्मा घटनाहरू |
|---|---|---|---|---|
| अन्तर्राष्ट्रिय रेडकस समिति (ICRC) | ३००० (भन्दा बढी वा कम) | | | ११२७ |
| राष्ट्रिय मानव अधिकार आयोग (NHRC) | २८०० घटनाहरू | ६०० | ३०० | ९०० |
| इन्टरनेसनल कमिसन अफ जुरिस्ट (ICJ) | २०९ | १९५ | १४ | २०९ |
| एड्भोकेसी फोरम | | | | ४१७ |
| संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (OHCHR) | | | | ६०० |
| अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC)[३] | | ८२८ | १०५ | ९३३ |
| बेपत्ता परिवार समाज[४] | | ११६२ | | ११६२ |
| अस्वेच्छिक तथा बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूह(UNWGEID)[५] | | | | ३२० |
| गृहमन्त्रालय[६] | | | | ६०० |

[२] कोपिला अधिकारीद्वारा लिखित,"The Making of Nepal's Anti-Disappearance Law"(अगस्ट, २००७) मा उल्लेखित संख्या । अनलाइन संस्करण http://www.afad-online.org/voice/aug_07/themaking.htm

[३] अनौपचारिक क्षेत्र सेवा केन्द (INSEC) को वेभसाइटबाट लिइएको संख्या, www.inseconline.org

[४] The Rising Nepal मा प्रकाशित "Foundation takes up to help Martyrs' Families", ३० नोभेम्बर २००७

[५] Cited in their 2007 report

[६] IRIN Asia को ५ नोभेम्बर २००७ को प्रतिवेदन, www.irinnews.org, UN Office for the Coordination of Humanitarian Affairs

## १.३. पीडितको विवरण

*बलपुर्वक बेपत्ता पारिएका* "पीडितको विवरण" सामान्यतया निम्न प्रकारको हुन्छ :-
क) माओवादीका समर्थकहरू,
ख) माओवादी लडाकुहरूलाई खाना तथा आवास दिएर सहयोग गर्ने व्यक्तिहरू, र
ग) गरिब, सिमान्तीकृत तथा ग्रामिण क्षेत्रका मानिसहरू ।[७]

बेपत्ता पार्ने कार्यको शिकार बन्नेहरूको जातिगत आधार पनि रहेको छ । उदाहरणको लागि, मानव अधिकारवादीहरू द्वन्द्वको बेला बेपत्ता पारिएका धेरै व्यक्तिहरू थारु समुदायका भएका दाबी गर्दछन् । त्यसरी नै प्रतिवेदनमा उल्लेखित अधिकांश पीडितहरू भर्खरका युवाहरु रहेका छन् । महिलाको संख्या १० प्रतिशत भन्दा कम छ ।[८] अस्वेच्छिक तथा बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूह (UNWGEID) ले बलपूर्वक बेपत्ता पारिएका पीडितहरुमा "महिलाहरु, विद्यार्थीहरु, व्यापारीहरु, किसानहरु, कामदारहरु, एक लेखक, एक सरकारी कर्मचारी, पत्रकारहरु तथा मानव अधिकार रक्षकहरु" रहेको उल्लेख गरेको छ ।[९]

माओवादी विद्रोहीद्वारा *अपहरण* गरिएका घटनाहरुमा पनि पीडितहरु मुख्यत कम उमेरका पुरुषहरू नै थिए, (जस्तै स्थानीय शिक्षक र किसानहरु) । थोरै मात्र महिलाहरू अपहरण गरिएका थिए । त्यस्ता अपहरणहरु नैतिक कारण वा दण्ड दिने (जस्तो कि शंकास्पद सुराकीहरू) कारणहरुबाट प्रेरित तथा वित्तिय उद्देश्यले ठूलो मात्रामा पैसा असुल्नका लागि गरिएको देखिन्छ । जर्बजस्ती विद्रोही सेनामा भर्ती गर्ने उद्देश्यका लागि पनि अपहरण गरिएको पाइन्छ । अस्वेच्छिक तथा बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूह (UNWGEID) ले उल्लेख गरे अनुसार माओवादीहरूले "विरोधी ठानेका व्यक्तिहरूलाई बेपत्ता पार्ने भन्दा सिधै मार्ने संभावना बढी हुन्थ्यो" ।[१०]

## १.४. पीडकको विवरण

*बलपुर्वक बेपत्ता पार्ने* "पीडकको विवरण" सामान्यतया निम्न प्रकारको हुन्छ :-
क) नेपाल प्रहरी,
ख) सशस्त्र प्रहरी बल, र
ग) शाही नेपाली सेना ।

यद्यपि, यी वैधानिक निकायहरु प्रायजसो नागरिक भेषमा कार्य संचालन गर्दथे । द्वन्द्वको क्रममा फरक-फरक चरणहरूमा फरक-फरक निकायहरू दमनकारी शक्तिका रुपमा देखापरे । यसको लागि सुरक्षा निकायको संरचना तथा निर्देशनको श्रृङ्खलाका साथै तिनीहरूको परिचालन तथा आपसी सहयोगलाई पनि बुझ्नु आवश्यक हुन्छ ।

ग्रामीण विद्रोही आन्दोलनको रुपमा माओवादी विद्रोहको संरचना स्थानीय तहमा निर्णय गरिने गरी बढी विकेन्द्रित र लचिलो हुनुको साथै सम्बन्धनमा विविधता र संस्थाको सदस्यतामा तहगत नियन्त्रण हुने खालको थियो । यसको संरचना, विधि तथा आदेश र नियन्त्रणका रुपहरु बुझ्न थप अनुसन्धानको आवश्यक हुन्छ ।

[७] नेपाल बार एशोसिएसन (NBA) को आकलन
[८] राष्ट्रिय मानव अधिकार आयोग (NHRC) को आकलन
[९] अस्वेच्छिक तथा बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूहको नेपाल मिसनको प्रतिवेदन, ६-१४ डिसेम्बर, २००४ । Report E/CN.4/2005/65/Add.1, पेज ६
[१०] अस्वेच्छिक तथा बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूहको प्रतिवेदन, २००४, पेज १२

# २

# बेपत्तासम्बन्धी पछिल्लो विकासक्रमको सिंहावलोकन[११]

सन् २००६ मा शुरु भएको शान्ति प्रक्रियामा नेपालमा संक्रमणकालिन न्यायका विभिन्न सवालहरुमा बेपत्ताको विषयलाई अग्रभागमा राख्ने गरी सरकार तथा न्यायपालिकाभित्र यस विषयमा महत्वपूर्ण घटनाहरू भएका छन् । यो घटनाक्रमले नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार संगठनहरूका साथै पीडितहरूका सामु अवसरहरूका साथै चुनौतीहरूको पनि सृजना गरेको छ ।

## २.१ विस्तृत शान्ति सम्झौता

सन् २००६ को नोभेम्बरमा भएको विस्तृत शान्ति सम्झौतामा सातदलिय गठनबन्धन तथा ने.क.पा. माओवादीले गरेका प्रतिबद्धताहरूमा थुप्रै संक्रमणकालिन संयन्त्रहरु समावेश भएका छन् । त्यसमध्ये धेरै प्रतिबद्धताहरु बेपत्ताको विषयसँग सम्बन्धित छन् । विस्तृत शान्ति सम्झौतामा द्वन्द्वका दुई प्रमुख पक्षहरूले सम्झौतामा हस्ताक्षर गरेको ६० दिनभित्र बलपूर्वक बेपत्ता पारिएका वा अपहरण गरिएका व्यक्तिहरूको नाम तथा अवस्था सार्वजनिक गर्ने सहमति गरिएको थियो ।[१२] यद्यपि, अहिलेसम्म पनि कुनै पक्षले सो कुरा प्रकाश गरेको छैन ।

## २.२ अन्तरिम संविधान

त्यसको लगत्तै सन् २००७ मा पारित अन्तरिम संविधानले पनि बलपूर्वक बेपत्ता बनाउने कार्यलाई द्वन्द्वको एक विशेषताको रुपमा स्वीकार गर्दै पीडित परिवारलाई राहतको लागि अनुरोध गरेको छ ।

## २.३ न्यायिक हस्तक्षेप

यसै समयमा न्यायपालिकामा पनि महत्वपूर्ण घटनाक्रम देखापर्‍यो । ती घटनाहरुले यस विषयमा सकरात्मक र निर्णायक भूमिका निर्वाह गरे । यद्यपि, तल उल्लेखित ती महत्वपूर्ण न्यायिक कारबाहीहरु पश्चात् अदालतका आदेशहरु वा अन्तर्राष्ट्रिय मापदण्डअनुसार काम गर्न नसकेकोले सरकारबाट अपर्याप्त र त्रुटिपूर्ण प्रतिक्रियामात्र प्राप्त भयो ।

[११] यो सिंहावलोकन मानव अधिकारवादी संस्थाहरुसँग गरिएका अन्तरवार्ताहरुका साथै ती संस्थाहरुद्वारा जारी गरिएका प्रेस विज्ञप्तिहरु र अभिलेख र यस प्रक्रियाका सम्बन्धमा अखबारमा प्रकाशित प्रतिवेदनहरूमा आधारित छ ।

[१२] बुँदा ५.२.३. हेर्नुहोस् "दुवै पक्षद्वारा 'बेपत्ता' पारिएका व्यक्तिहरुको तथा युद्धको समयमा मारिएकाहरुको बास्तविक नाम,थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।" ७.३.२. "... दुवै पक्षले 'बेपत्ता' पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरुका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन् ।" बुँदा ७.१.३.मा पनि दुवै पक्षले "द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएकाहरुको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।" भन्ने उल्लेख छ । २१ डिसेम्बर २००६ को बिस्तृत शान्ति सम्झौता

द्वन्द्वको अवधिमा र त्यसपछि चलिरहेको शान्ति प्रक्रियामा बेपत्ता पार्ने कार्यबाट प्रभावित परिवारहरुले खासगरी बन्दी प्रत्यक्षीकरणको आवेदनबाट कानुनी कारवाही शुरु गरे, जसमध्ये धेरै त्यस्ता आवेदनहरुका कुराहरु पीडकले अस्वीकार गरेपछि तथा आवेदकहरूलाई पर्याप्त प्रमाण जुटाउन कठिन भएपछि ती आवेदनहरु खारेज गरिए ।

ती आवेदनहरूको परिणामस्वरुप सन् २००८ को अगस्तमा चारजना बन्दीहरूको बेपत्ता सम्बन्धमा जाँचबुझ गर्न सर्वोच्च अदालतद्वारा तीन सदस्यीय बन्दी जाँचबुझ टोली स्थापना गरियो ।

उक्त टोलीद्वारा जारी गरिएको विस्तृत प्रतिवेदनमा सरकारका लागि महत्वपूर्ण सुझावहरू रहेका छन् । ती सुझावहरुअन्र्तगत पहिलो त बेपत्ता सम्बन्धमा एक सक्षम छानविन आयोगको गठन र दोश्रोमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई निषेधित गर्ने नयाँ कानुनको निर्माण रहेका छन् । यसका साथै नाम किटिएका पीडकहरूविरुद्ध फौजदारी अभियोग लगाउनुपर्ने तथा पीडित परिवारहरुलाई क्षतिपुर्ति दिनुपर्ने सुझाव पनि रहेका थिए ।

यसका अतिरिक्त सन् २००६ को नोभेम्बरमा सर्वोच्च अदालतले यसको प्रशासनिक विभागलाई अन्तिम सुनुवाईको लागि धेरै संख्यामा रहेका बन्दी प्रत्यक्षीकरणका सम्पूर्ण आवेदनहरू एकत्रित गर्न आदेश दियो ।

सन् २००७ को मे महिनामा बेपत्ता पार्ने तथा अपहरण गर्ने कार्यलाई अपराध घोषित गर्ने गरी मुलुकी ऐनमा संशोधन गर्न अन्तरिम व्यवस्थापिका संसदले विधेयक प्रस्तुत गऱ्यो । गैर सरकारी पक्षसँग कुनै परामर्श नगरी ल्याइएको उक्त विधेयक मानव अधिकारवादी संगठनहरू तथा पीडित समूहहरूले निकै त्रुटिपूर्ण रहेको पाए । धेरै संस्थाहरूले विधेयकको विस्तृत आलोचना गर्दै अन्तर्राष्ट्रिय मापदण्ड अनुसार छुटेका कुराहरू प्रकाश पार्दै आवश्यक परिवर्तनका लागि प्रस्ताव पेश गरे ।

## २.४. सन् २००७ को जुन महिनाको सर्वोच्च अदालतको फैसला

सन् २००७ जुनमा सर्वोच्च अदालतले दिएको १२९ पृष्ठ लामो फैसलाले सरकारले गर्नुपर्ने कार्यको सिमा तोकिदियो । त्यस फैसलाले सरकारले बेपत्तासम्बन्धी विषयलाई सम्बोधन गर्न कुनै उल्लेख्य प्रयास गर्न नसकेको कुरा उल्लेख गर्दै निम्न आदेशहरू गऱ्यो ।[१३]

- त्यस फैसलाले सरकारलाई बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था छानविन गर्न एक सम्पूर्ण अधिकार सम्पन्न आयोग गठन गर्न र बेपत्ता पार्ने कार्यविरुद्ध विशेष कानुन बनाउन आदेश दियो । अझ महत्वपूर्णरुपमा सर्वोच्चको फैसलामा त्यस्तो आयोग तथा कानुन अन्तर्राष्ट्रिय मापदण्ड खासगरी नाम लिनुपर्दा बलपूर्वक बेपत्ता बनाउने आयोग सम्बन्धी मापदण्ड तथा वलपूर्वक बेपत्ता बनाउने कार्यबाट सबै व्यक्तिको संरक्षण सम्बन्धी संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय महासन्धिको आधारमा बनाउनुपर्ने भनिएको थियो ।
- बन्दी चक्र कटुवालको मृत्युको सम्बन्धमा आरोपित सम्पूर्ण अधिकारीहरूविरुद्ध ज्यान सम्बन्धी फौजदारी अभियोग लगाउन पनि गृह मन्त्रालय र सरकारलाई आदेश दिइयो ।
- यसका अतिरिक्त बन्दी जाँचबुझ टोलीको सिफारिस पश्चात् सर्वोच्च अदालतले सरकारलाई प्रभावित भएकाहरुलाई क्षतिपूर्ति दिन, र रिट निवेदनहरुमा उल्लेखित ८९ जना बन्दीका परिवारहरूलाई अन्तरिम राहत दिन आदेश दियो ।

सरकारले तत्कालिन प्रतिक्रियास्वरुप जुन २००७ मा सर्वोच्च अदालतका भुतपूर्व न्यायाधिश न्यौपानेको नेतृत्वमा "बेपत्ता पारिएका व्यक्तिहरूसम्बन्धी उच्चस्तरिय छानविन आयोग" गठन गऱ्यो । न्यौपाने आयोग सर्वोच्च अदालतका

[१३] सन् २००४ को जुलाइमा बेपत्ता पारिएका मानिसहरुको अवस्था स्पष्ट गर्न नेपाल सरकारले सुरक्षा निकाय तथा सरकारी अधिकारीहरु रहेको पाँच सदस्यीय मलेगो आयोग स्थापना गऱ्यो । यद्यपि बेपत्तासम्बन्धी मात्र ३६ वटा घटनाहरूको छानविन गरी २४ जना व्यक्तिहरुको स्थीति स्पष्ट गरेको सो आयोग अत्यन्तै प्रभावहीन भएको मानिन्छ ।

निर्देशन वा अन्तर्राष्ट्रिय मापदण्डअनुसार नभएकोले सरकारको त्यस कदमको फेरि पनि गैरसरकारी संस्थाहरुद्वारा चर्को आलोचना गरियो ।

## २.५ सत्य निरुपण तथा मेलमिलाप आयोगको विधेयक

सन् २००७ को अगस्तमा सत्य निरुपण तथा मेलमिलाप आयोग गठनका लागि प्रस्तुत गरिएको विधेयक अन्तर्राष्ट्रिय मापदण्डअनुसार नभएको तथा विधयेक मस्यौदा गर्नुपूर्व आवश्यक परामर्श नगरिएको कारणले सरकारले पुन गैरसरकारी संस्थाहरूबाट उस्तै गम्भीर आलोचना खेप्नुपर्‍यो । प्रस्तावित आयोगमा कार्यगत स्वतन्त्रता तथा पारदर्शी नियुक्ति प्रक्रियाको अभाव थियो । त्यस विधयेकमा पीडितको परिपुरण र कानुनी उपचार पाउने अधिकारसम्बन्धी पर्याप्त व्यवस्था थिएन भने मानव अधिकारको गम्भीर उल्लंघनका परिभाषा अप्रष्ट थिए । अझ सबैभन्दा महत्वपूर्णरुपमा त्यसमा अन्तर्राष्ट्रिय मान्यताविरुद्ध पीडकका विविध अपराधहरुलाई आममाफी दिने व्यवस्था गरिएको थियो । सरकारले शान्ति तथा पुर्ननिर्माण मन्त्रालयमार्फत २००७ को डिसेम्बरदेखि सन् २००७ को फेब्रुअरीबीचमा तीनवटा क्षेत्रिय परामर्श कार्यक्रमहरू संचालन गर्‍यो । यद्यपि, ती कार्यक्रमहरू हतारमा संचालन गरिएका थिए र त्यस्ता कार्यक्रमहरू बैधानिक र प्रभावकारी बनाउन पुन संचालन गर्नुपर्ने देखिन्छ ।

## २.६. तत्पश्चात्को विकासक्रम

अन्तरिम व्यवस्थापिका संसदले सन् २००७ को नोभेम्बरमा सरकारलाई बेपत्तासम्बन्धी विधेयक फिर्ता लिन र सर्वोच्च अदालतको आदेश अनुसारको नयाँ विधेयक ल्याउन निर्देशन दियो । यस सकरात्मक विकासको बाबजुद पनि सरकारलाई सो कामको लागि मात्र एक महिनाको म्याद दिइयो, त्यसैले सरकारले सोको लागि अध्यादेश मात्र ल्याउन सक्थ्यो । परामर्शको चुनौती थाती नै रह्यो ।

विस्तृत शान्ति सम्झौताका पक्षहरुद्वारा डिसेम्बर २००७ मा हस्ताक्षरित २३ बुँदे सहमतिमा बेपत्ता सम्बन्धी विषय र सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विषयका तत्कालिन प्रतिबद्धतालाई नै समावेश गरिएको छ ।

अझै पनि सरकारी प्रयासहरूमा प्रभावित वा सम्बद्ध समूहहरूसँगको परामर्शको अभाव, पारदर्शिता तथा समावेशीकरणको अभाव तथा कुनै पनि संक्रमणकालिन न्यायको पहलमा अन्तर्राष्ट्रिय मान्यतालाई मापदण्डको रुपमा ग्रहण गर्ने क्षमताको अभाव, अनिच्छा वा अस्वीकृतिको शैली देखिएका छन् । सत्य आयोगको क्षमादान खण्डमा द्वन्द्वका पक्षहरूले फौजदारी न्यायको परिणाम भोग्न नपर्ने सुनिश्चित गर्न खोजिएको छ । दण्डहीनतालाई सम्बोधन गर्ने चुनौतीको सन्दर्भमा यिनै कमजोर पक्ष तथा खण्डहरू तथा पारदर्शिता तथा परामर्शको अभाव सम्पूर्ण प्रक्रियालाई प्रभावित पार्ने तत्वका रुपमा देखिएका छन् र नेपालमा संक्रमणकालिन न्यायका पक्षपोषकहरूका लागि मुख्य चुनौतीका रुपमा रहेका छन् ।

सन् २००८ का सुरुका ६ महिनामा नीति निर्माता तथा राजनीतिज्ञहरूको ध्यान २००८ को अप्रिलमा हुने संविधान सभाको निर्वाचनतर्फ केन्द्रित भयो, यसले संक्रमणकालिन न्यायका मुद्दाहरूलाई प्रभावकारीरुपमा पछि धकेलिदियो । बेपत्ता परिवारहरूका अत्यन्त जरुरी मागहरु लगायत विस्तृत शान्ति सम्झौतामा गरिएका प्रतिबद्धताहरू पूरा गर्नतिर अन्तरिम संसद असफल भएको कुरा स्पष्ट छ । देशका लागि नयाँ लोकतान्त्रिक संविधान लेख्न अधिकारप्राप्त संविधान सभा स्थापित हुने गतिशील राजनैतिक सन्दर्भमा नेपालमा सत्य र न्यायका निम्ति संघर्षरत पक्षहरूका लागि नयाँ चुनौतीहरु थपिने अवश्यम्भावी छ ।

# ३ वर्तमान अवस्थाका सकरात्मक पक्ष तथा उपलब्धिहरू

बेपत्तासम्बन्धी विषयलाई सम्बोधन गर्ने कुनै पनि प्रयासमा नेपालले अहिले सकरात्मक तथा नकरात्मक दुवै पक्षहरूको सामना गर्नुपर्ने अवस्था रहेको छ । सकारात्मक पक्षहरुमा तल उल्लेख गरिएअनुसार ऐतिहासिक तथा वर्तमान समयका विभिन्न आयामहरू रहेका छन् । यी सम्पूर्ण तत्वहरु नेपालमा बेपत्तासम्बन्धी विषयमा उत्कृष्ट उपलब्धि हासिल गर्न गरिने कुनै पनि प्रयासको मुख्य भागका रुपमा रहनु पर्दछ ।

## ३.१. गहन अन्तर्राष्ट्रिय चासो तथा परिचालन

सर्वप्रथम, नेपालमा बेपत्ता तथा अपहरण सम्बन्धी विषयले प्रमुखता पाउनु सबल परिचालन तथा वकालत/पैरवीको सुचक हो । विषेशगरी, प्रमुख राष्ट्रिय मानवअधिकारवादी संघसंस्थाहरूको सहायतामा यस विषयमा प्रभावकारी *अन्तर्राष्ट्रिय हस्तक्षेप* भएको छ । संयुक्त राष्ट्रसंघ, ह्युमन राइट्स वाच (Human Rights Watch-HRW) र एम्नेस्टी इन्टरनेसनल (Amnesty International-AI) जस्ता संस्थाहरूले बेपत्ता तथा अपहरणका कार्यहरुको निरन्तर र पटक पटक अर्न्तराष्ट्रिय रुपमा भर्त्सना गरे । सन् २००५ को मेमा संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयको नेपालमा विश्वमै सबभन्दा ठूलो प्रतिनिधिमण्डल र कार्यालय स्थापित हुनु यस्तै बढ्दो अन्तर्राष्ट्रिय चासोको अभिव्यक्ति थियो । बलपूर्वक बेपत्ता पार्ने सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार कार्यसमुहको काम तथा प्रतिवेदनहरूमा नेपाल प्रमुख रुपमा देखापरेको छ । यस विषयलाई उठान गर्न त्यस अन्तर्राष्ट्रिय साधनको यतिसम्म प्रभावकारी उपयोग गरियो कि अहिले नेपाल धेरै बर्षसम्म उक्त कार्यसमूहको प्रतिवेदनमा उल्लेखित उच्चत्तम संख्यामा व्यक्तिहरू बेपत्ता बनाउन जिम्मेवार रहेको कुरा सर्वस्वीकार्य भएको छ । बेपत्ताका घटनाहरूमा नाटकिय रुपमा बृद्धि भएपछि सन् २००४ को डिसेम्बरमा उक्त कार्यसमूहले नेपाल भ्रमण गर्‍यो । सन् २००६ को मे मा उक्त समुहले २००४ मा आफुले गरेका सिफारिसहरूको प्रगतिबारे अनुगमन गर्न अर्को भ्रमणको लागि सरकारसँग अनुरोध गर्‍यो । तर यस विषयमा नेपाल सरकारले हालसम्म कुनै प्रतिकिया जनाएको छैन ।[१४]

यस प्रतिवेदनको लागि अन्तरवार्ता लिइएका सबै व्यक्तिहरूले संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय तथा अन्तर्राष्ट्रिय रेडक्रस समितिजस्ता संस्थाहरुको अन्तर्राष्ट्रिय हस्तक्षेप बलपूर्वक बेपत्ताका घटनाहरु कम गर्न महत्वपूर्ण भूमिका खेलेको कुरामा सहमति जनाए । यसैको प्रतिकियास्वरुप नेपाल सरकारले हराइरहेका व्यक्तिहरुको अवस्था स्पष्ट गर्न मलेगो आयोगको रुपमा, प्रभावहीनै भए पनि, एउटा संरचना पनि खडा गर्‍यो ।[१५] यस विषयमा कार्य गरिरहेका इन्टरनेसनल कमिसन अफ जुरिस्ट (ICJ), एम्नेस्टी इन्टरनेसनल (AI), अन्तर्राष्ट्रिय रेडक्रस समिति (ICRC) तथा संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द (ICTJ) लगायत विभिन्न अन्तर्राष्ट्रिय संस्थाका सशक्त स्थानीय प्रतिनिधिहरू रहेको भएतापनि यी संरचनाहरू स्थायी होइनन् र यिनको प्रभावकारी र छिटोछरितो प्रयोग गरिनु पर्दछ ।

---

[१४] बलपूर्वक वा अस्वेच्छिक बेपत्तासम्बन्धी कार्यसमूहद्वारा मानवअधिकार परिषद्को सातौं सत्रमा प्रस्तुत प्रतिवेदन, १० जनवरी २००८, A/HRC/7/2 (Advanced Edited Version)

[१५] १ जुलाइ २००४ मा नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिहरूको बारेमा अनुसन्धान गर्न मलेगो आयोग नामको एउटा अल्पकालीन आयोग गठन गर्‍यो । गृह मन्त्रालयअर्न्तगत गठित यस आयोगको अध्यक्षता गृह मन्त्रालयका तत्कालिन सहसचिव नारायण गोपाल मलेगोले गरेका थिए । यसमा गृह मन्त्रालय, रक्षा मन्त्रालय, प्रहरी प्रधान कार्यलय तथा राष्ट्रिय अनुसन्धान विभागबाट पाँच जना सदस्यहरू थिए । यसले प्रतिवेदनहरू प्रकाशित गरेको छ ।

नेपाली सेनाले अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा पनि भाग लिने गरेको र त्यस्तो सहभागिता आय र प्रतिष्ठाका दृष्टिले नेपाल सरकारका लागि महत्वपूर्ण भएकोले अन्तर्राष्ट्रिय छानविन र भर्त्सनाले महत्वपूर्ण स्थान ओगट्यो ।[१६]

यस अर्थमा यस विषयको मान्यताको लागि अन्तर्राष्ट्रिय संघर्ष र अर्न्तराष्ट्रिय सहायता उल्लेखनिय रुपमा सफल भएको छ र निरन्तर दबावको लागि यो महत्वपूर्ण क्षेत्र रहिरहनेछ ।

## ३.२. स्थानीय परिचालन तथा अन्तर्राष्ट्रिय अवधारणाहरूको प्रभावकारी एकिकरण

स्थानीय मानव अधिकारवादी संस्थाहरूको मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सरोकार र कानुनसँगको एकिकरण पनि एक उत्तिकै सशक्त सकारात्मक सुचक हो । नेपालमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई व्यापक उल्लंघनहरुको एउटा पक्षको रुपमा मात्र नभई गम्भीर सरोकारको विशिष्ट उल्लंघनको विषयको रुपमा पहिचान गरिएको तथ्यले पनि यस विषयमा गरिएको प्रभावकारी परिचालनको इतिहासलाई जनाउँछ । यसका साथै (नेकपा-माओवादीका विद्रोहीहरुद्वारा गरिएका) अपहरणलाई (राज्यद्वारा गरिएका) बलपूर्वक बेपत्ता पार्ने कार्यबाट अलग गरेको तथ्यले अर्न्तराष्ट्रिय मानव अधिकार आन्दोलनमा रहेको अर्थ संरचना र वर्गीकरणसँगको एकिकरणलाई इंगित गर्दछ । प्रारम्भिक मस्यौदा गरिएका विधेयकहरू सन्तोषजनक नभए तापनि बेपत्तासम्बन्धी आयोग शान्ति प्रकियाको मुद्दाको रुपमा रहेको तथ्यले अन्तर्राष्ट्रिय तथा स्थानीय तहमा श्रृजित दबावको प्रभावलाई जनाउँछ ।

## ३.३. महत्वपूर्ण राष्ट्रिय सम्झौता तथा निर्देशनहरू

नेपालमा बेपत्तासँग सम्बन्धित मागहरूको अभिन्न भाग बनेका वा बन्नुपर्ने केही महत्वपूर्ण राष्ट्रिय सम्झौता, आदेश तथा प्रतिबद्धताहरू रहेका छन् । ती सम्झौता तथा आदेशहरु माथि खण्ड २ मा उल्लेख गरिएका छन् । तीमध्ये विस्तृत शान्ति सम्झौताका प्रतिबद्धताहरू तथा सर्वोच्च अदालतका निर्देशनहरू सबभन्दा प्रमुख हुन् ।

केही संस्थाहरु सरकारले त्यस्ता निर्देशनहरूको कार्यान्वयन गर्ने कुरामा निराशा व्यक्त गर्दछन् भने कतिपय संस्था सरकार ती निर्देशनहरुको कार्यान्वयनबाट पन्छिन सक्दैन भन्ने दृष्टीकोण राख्दछन्, र तिनको कार्यान्वयनको रुप र विषयबस्तुमा मात्र नागरिक समाजको दबावपूर्ण हस्तक्षेप आवश्यक रहने कुरा व्यक्त गर्दछन् । सत्य निरुपण तथा मेलमिलाप आयोगका दुईवटा मस्यौदा विधेयकहरुको विषयवस्तुले यही कुरालाई पुष्टि गर्दछ ।

## ३.४. अन्तर्राष्ट्रिय सम्झौता तथा निर्देशनहरू

यहाँ विगतका मानवअधिकार उल्लंघनहरुका सम्बन्धमा जवाफदेहीताको मागलाई सशक्त बनाउने सम्पूर्ण अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनहरु - जसमध्ये धेरैको नेपाल पक्षराष्ट्र हो[१७]- दोहोर्‍याई राख्नु आवाश्यक छैन । तथापि जवाफदेहीता तथा फौजदारी न्यायका बढी चुनौतीपूर्ण मागहरुका अतिरिक्त अर्न्तराष्ट्रिय मानवीय कानुनअनुसार द्वन्द्वका पक्षहरूले सशस्त्र द्वन्द्वको परिणामस्वरुप हराइरहेका भनिएका व्यक्तिहरुको सम्बन्धमा जानकारी दिन सबै संभाव्य उपायहरू अपनाउनु पर्ने तथा तिनको अवस्थाको बारेमा सुचना दिनुपर्ने हुन्छ । बेपत्ता पारिएका व्यक्तिको अवस्थाको सम्बन्धमा यो पक्कै पनि सबभन्दा न्युनतम माग हो ।

---

[१६] नेपालका लागि संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तका पुर्व प्रतिनिधि डेभिड जोनशनसँग भएको व्यक्तिगत कुराकानी । मैना सुनुवारको मृत्युको सम्झनामा गरिएको सार्वजनिक कार्यक्रममा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तका नेपाल प्रतिनिधि रिचार्ड बेनेटले सन् २००८ को फेब्रुरीमा यसै कुरालाई जोड दिँदै भनेका थिए- "गत हप्ता संयुक्त राष्ट्रसंघीय शान्ति सेनाकारुपमा हाइटीमा सेवारत १,१०० नेपाली सैनिकहरुलाई पदक प्रदान गरिएको थियो । देशभित्रको जवाफदेहीतामा अवरोध पुर्‍याएर विदेशमा त्यस्तो सेवा गरेर नेपाली सेनाले कमाएको प्रतिष्ठामा दाग लगाउनु दुखपूर्ण हुनेछ । " चार वर्ष वितिसक्दापनि १५ वर्षिया मैना सुनुवारको मृत्युको खातिर कुनै न्याय भएको छैन ।

[१७] नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरुको पूर्ण सूचीको लागि http://www.inseconline.org/download/Nepal_treaties.pमा हेर्नुहोस् ।

## ३.५. शान्ति प्रक्रियामा भूमिका निर्वाहकर्ताको रुपमा नागरिक समाज

संस्थागत कमजोरीहरू, विभाजन तथा नेपाली समाजमा व्याप्त विविध असमानता र असमावेशीकरणका बाबजुद नागरिक समाजका समूहहरू शान्ति प्रक्रियामा गतिशील रुपमा परिचालन हुन सक्षम भएका छन् साथै ती समूहहरुले बेपत्ताको विषयमा पनि प्रतिबद्धता देखाएका छन् । सोझै बेपत्ता नागरिकको विषयसँग सम्बन्धित नभए तापनि अप्रिल २००६ को दोस्रो जनआन्दोलनले नागरिक समाज र नागरिक परिचालनलाई शान्ति प्रक्रियामा प्रभाव पार्ने प्रमुख भूमिका निर्वाहकर्ताको रुपमा उभ्यायो । अहिले तराईमा चलिरहेको विरोध र जातिय हिंसाले शान्ति प्रक्रियालाई सकरात्मक पक्षतर्फ उन्मुख नगरेको भए तापनि त्यसले पनि नागरिक विद्रोहलाई नै दर्साउँछ ।

## ३.६. पीडितहरुको संगठन

पीडितहरूको संगठन जति बलियो हुन सक्थ्यो त्यति बलियो नभए तापनि बेपत्तासम्बन्धी विषयमा सार्वजनिक रुपमा परिचालित यस्ता संगठनहरु रहेको तथ्य नै बेपत्तासम्बन्धी विषयको प्रधानताको महत्वपूर्ण पक्ष हो ।

## ३.७. संविधान सभाको प्रक्रिया

संविधान सभाले इंगित गरेको प्रजातान्त्रिक प्रक्रियाले समावेशीकरण र प्रतिनिधित्वको प्रश्नलाई अझ उच्चत्तम स्थानमा पुऱ्याएको छ । यसका अतिरिक्त संविधानसभाको निर्वाचनले राजनैतिक पार्टीहरूलाई संक्रमणकालिन न्याय र बेपत्तासम्बन्धमा आफ्ना दृष्टिकोण तथा प्रतिबद्धता व्यक्त गर्न दबाव दिने अवसरको प्रतिनिधित्व गर्दछ ।

## ३.८. बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको अनुमोदन

सन् २००६ मा पारित बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिले बेपत्तासम्बन्धी विषयमा विशेष दबाव दिने अवसर प्रदान गर्दछ । महासन्धि पश्चातदर्शी नभए[१८] तापनि नेपाललाई त्यस महासन्धि पहिले हस्ताक्षर र पछि अनुमोदन गर्न लगाउन गरिने प्रयासहरुले बेपत्तासम्बन्धी विषयमा दवाव, स्पष्टता र जवाफदेहीता सृजना गर्न भूमिका खेल्न सक्छन् ।

## ३.९. क्षतिपुर्ति

राज्यद्वारा क्षतिपुर्ति दिनुपर्ने धारणा नेपाली समाजमा राम्रोसँग स्थापित छ, र विगतको द्वन्द्वका पीडितलाई कुनै न कुनै प्रकारको राहत दिनुपर्ने कुरा व्यापकरुपमा स्वीकार गरिएको छ । यसले निश्चितै रुपमा क्षतिपूर्ति नेपालमा संक्रमणकालिन न्यायका कार्यक्रमको एक प्रमुख र कार्यान्वयन गर्न सकिने एक मुख्य पक्षको रुपमा रहने कुरा सुनिश्चित गर्नेछ ।

## ३.१०. अपहरणसम्बन्धी विधेयक पारित

सन् २००७ मा अन्तरिम संसदले मुलुकी ऐनका अपहरणसँग सम्बन्धित प्रावधानहरुलाई संशोधन गर्न विधेयक पारित गऱ्यो । यो सबै प्रकारका बेपत्ता पार्ने कार्यलाई विशेषरुपमा गैरकानुनी तुल्याउने वैधानिक प्रक्रियाको पहिलो महत्वपूर्ण कदम हो ।

[१८] महासन्धिको पश्चातदर्शी प्रयोगको अभाव एक जटिल प्रश्न हो । अहिले विभिन्न संगठन बेपत्ताको अपराधको निरन्तर प्रकृतिको कारण पश्चातदर्शी प्रयोग सम्भव हुने तर्क गर्दछन् । आउँदो समयमा यस विषयको सम्बोधन गर्नु एक मुख्य चुनौती हुनेछ ।

# ४
# वर्तमान प्रक्रियाका अवरोधहरू

## ४.१. समावेशी प्रक्रिया तथा परामर्शको अभाव

नेपालमा नागरिक समाजसँगको परामर्श तथा समावेशी प्रक्रियाको सशक्त राजनैतिक परम्परा छैन । सिमान्तीकृत वर्ग तथा समुदायहरुको राजनैतिक तथा आर्थिक क्षेत्रहरूमा निकै कम प्रतिनिधित्व रहेको नेपाली समाज जातिय, भाषिक र लैंगिक आधारमा अत्यन्तै विभाजित छ । राज्य होस् वा अर्थतन्त्र वा नागरिक समाजका समूहहरू, सबै संगठित क्षेत्रका सबै तहमा विभाजित तथा स्तरिकृत सामाजिक सम्बन्धहरु देख्न सकिन्छ । भौगोलिक दुरीका कारण काठमाडौं र अन्य क्षेत्रको केन्द्र र परिधीको सम्बन्ध निर्माण भई यिनै सम्बन्धहरूलाई थप बल पुऱ्याएको छ ।

सामाजिक न्यायको आवश्यकता पर्ने यस्ता खालका पहिचानको तथा आर्थिक-राजनैतिक द्वन्द्व भनी परिभाषित गर्न सकिने यिनै स्थायी तथा संरचनागत असमानताहरू नेपालमा संक्रमणकालिन न्यायको दीर्घकालिन चुनौतीहरु हुनेछन् । अहिले नेपालमा संक्रमणकलिन न्याय र राजनैतिक बहसहरु तिनै विषयहरुका साथै तराई क्षेत्रमा क्षेत्रिय-जातिय आधारमा देखिन थालेको असन्तुष्टि, विरोधप्रदर्शन तथा विद्रोहमा बढी केन्द्रित छन् । संक्रमणकालिन न्यायको लागि जातियतामा नभई वर्गमा आधारित पहुँचले त्यस्ता विभेदलाई झन् जटिल पार्न सक्दछ र नेपालको 'संक्रमणकाल'को पद्धतिगत निरन्तरतालाई अवरोध गर्न सक्दछ । नेपालमा भर्खर सुरु भएका संक्रमणकालिन न्यायका अन्तरक्रिया र अभ्यासहरूमा यी आयामहरूलाई समावेश गर्न ध्यान दिइनुपर्दछ । यस परिप्रेक्ष्यमा संविधानसभा गठनको बहस सान्दर्भिक छ ।

## ४.२. छानविन आयोगहरूको नकारात्मक इतिहास

ऐतिहासिक रुपमा नेपालमा यसभन्दा अघिका छानविन आयोगहरु प्राय कमजोर संरचनामात्र भएका छन् र तिनका प्रतिवेदन तथा सिफारिसहरू या त प्रकाशमा ल्याइएका छैनन् या त कार्यान्वयन नै गरिएका छैनन् । त्यस्ता आयोगहरुले राजनैतिक हस्तक्षेप पनि सहनु परेको छ । यसर्थ विगतका यस्ता आयोगको झझल्को दिने वा बृहत समाजसँग परामर्श नगरी निर्माण गरिने राज्य निर्मित संरचनाप्रति जनविश्वास पटक्कै छैन । त्यस्ता पहलहरूमा इतिहासदेखि नै वैधानिकताको अभाव रहेको छ ।

## ४.३. संभ्रान्त गठबन्धन राजनीति

अन्तरिम सरकारको आधारभूत प्रकृतिको रुपमा रहेको 'संभ्रान्त गठबन्धन' राजनीति संक्रमणकालिन न्यायका कुनै पनि प्रभावकारी कार्यक्रमलाई कमजोर तुल्याउने सबभन्दा सशक्त तत्वको रुपमा रहेको छ । न त राज्य न त माओवादी पक्ष नै तिनका कार्यहरूको निष्पक्ष छानविन गर्न र परिणामस्वरुप बेपत्तासम्बन्धी भयानक तथ्यहरूको खुलासा गरी

तिनी वा तिनका सदस्यहरुका विरुद्ध फौजदारी कारवाहीको संभावना खुला गर्न इच्छुक हुनेछ। दुवै पक्षहरुले राजनैतिक उद्देश्य प्राप्त गर्न गरिएका कार्यहरुको लागि क्षमादान गर्ने कुरामा सर्मथन गर्ने संकेत दिएका छन्। माओवादीले योभन्दा फरक किसिमको प्रतिबद्धता देखाएपनि माओवादी नेतृत्व संरचना पनि नेपाली समाजको असमान सम्बन्धको प्रतिरुप भएको बताइन्छ, र परिणामस्वरुप बेपत्तासम्बन्धी कार्यको ढोका बन्द गर्न दुवै पक्षबीच 'वर्गीय गठबन्धन' हुन सक्दछ। तसर्थ, बेपत्तालगायतका विगतका अपराधहरुको लागि जवाफदेहीता स्थापना गर्ने कार्यको लागि दुवै पक्षमा गम्भीर राजनैतिक इच्छाशक्ति रहेको कुरा शंकास्पद छ। यसको सट्टा, यिनीहरूले संक्रमणकालिन न्यायको रुपमात्र 'नक्कल गर्ने' तर सार केही नभएको प्रक्रिया रचना गर्ने र संचालन गर्ने प्रयास गर्न सक्दछन्।

## ४.४. क्षतिपुर्तिको साँघुरो पहुँच

नेपालमा विद्यमान 'क्षतिपुर्तिको संस्कृति'ले पीडितका लागि केही न केही राहत हुने संभावना रहे तापनि यस्तो राहतलाई इतिहासदेखि नै साँघुरो रुपमा पैसा दिने अर्थमा मात्र लिइन्छ। सम्बन्धित पीडितहरुलाई 'किन्न' वा संरक्षक प्रणाली निर्माण गर्न पनि त्यस्तो संस्कृतिको प्रयोग गर्न सकिन्छ। यद्यपि, अहिलेसम्म द्वन्द्वका पीडितहरूलाई प्रदान गरिएका 'क्षतिपुर्ति' विभिन्न किसिमले स्वेच्छाचारी, असमान तथा अन्यायपूर्ण रहेका छन।[१९] त्यसैले यस सम्बन्धमा 'क्षतिपुर्ति'को अवधारणालाई परिपुरणको रुपमा विस्तृत पार्नु र त्यसैअनुसार बहस अघि बढाउनु अहिलेको चुनौती हो। क्षतिपुर्तिलाई परिपुरणको व्यापक अवधारणामा बदल्न र विविधिकरण गर्न थुप्रै काम गर्न आवश्यक छ।

## ४.५. दण्डहीनताको इतिहास

नेपालमा क्षतिपुर्तिको व्यापक अभ्यास भए तापनि यसका साथै फौजदारी न्यायका कारवाहीहरू हुने गरेका छैनन्। न्यायपालिका कमजोर, भ्रष्ट, निष्क्रिय तथा राजनैतिक हस्तक्षेप हुने र परम्परागत प्रवृत्ति भएको निकायको रुपमा व्याख्या गरिन्छ। हालैका राजनैतिक परिवर्तनहरूपछि, खास गरी सन् २००६ को जनआन्दोलन पश्चात्, स्वतन्त्र न्यायिक सोचका संकेतहरू देखिएका छन्। उक्त कुरा जुन २००७ को उल्लेखनिय न्यायिक निर्णयमा पनि देख्न सकिन्छ।

यद्यपि, विभिन्न मुद्दाहरुमा सशक्त प्रमाण रहेको भए तापनि (जस्तै मैना सुनुवारको मुद्दा, जसमा थोरैमात्र न्यायिक प्रक्रिया अघि बढेको छ) विगतमा भएका राजनैतिक हिंसाको सम्बन्धमा कुनै सफल अभियोजन भएको छैन।

## ४.६. अज्ञात स्थलहरुमा गाड्ने वा पुर्ने प्रचलनको व्यापकता

धेरैजसो युद्ध वा द्वन्द्वका अवस्थाहरूमा मृतकका शरीरलाई यतिकै फ्याँकिन्छ र पछि तिनीहरूलाई संकलन गरी मृत शरीर व्यवस्थापनका लागि जिम्मेवार स्थानीय निकायहरूद्वारा विधिवत् रुपमा परम्परा अनुसार औपचारिक चिहानहरूमा लगेर गाँडिन्छ वा अन्त्येष्टि गरिन्छ। यस्ता घटनाहरूमा मानव अवशेषहरू पहिल्याउन र पहिचान गर्न वा तिनलाई व्यवस्थित पार्ने विधि पत्ता लगाउन सम्भव हुन्छ।

यद्यपि लाश गाडिएको स्थान पीडक(हरू)लाई मात्र थाहा भएको स्थितिमा पीडक वा तिनका निकटस्थ व्यक्तिहरूको सहयोगविना लाशहरु गाडिएको स्थान फेला पार्न असंभव नै नभएपनि निकै कठिन हुन्छ। दक्षिण अफ्रिकामा फेला परेका लाश गाडिएका स्थानहरू सत्य निरुपण तथा मेलमिलाप आयोगसँग जोडिएका घटना खुलाएको आधारमा व्यक्तिगत क्षमादान दिने प्रक्रियाका माध्यमबाट सम्बद्ध उल्लंघनकर्ताले नै देखाएका गोप्य स्थानहरु मात्र हुन्। क्षमादान विनाको प्रक्रियाको कुनै पनि अभ्यासबाट गोप्य स्थानका अवशेषहरू फेला पार्ने काम सफल भएका छैनन्।

[१९] उदाहरणको लागि, अन्तरवार्ता लिइएका विभिन्न संगठनहरूले सुरक्षाकर्मी र नागरिकका परिवारलाई दिइएको तथा राज्य वा माओवादीद्वारा बेपत्ता पारिएका वा मारिएकाका परिवारलाई प्रदान गरिएको सहायता रकममा भिन्नता रहेको उल्लेख गरेका छन्।

## ४.७. बेपत्तासम्बन्धी कार्यको दीर्घकालिक प्रवृत्ति

बेपत्ता पारिएका तथा हराइरहेका व्यक्तिहरुसम्बन्धी कार्यको लागि लामो समयसम्मको प्रतिवद्धता चाहिन्छ । दण्डहीनतालाई चुनौती दिनु गैरसरकारी संस्था तथा मानव अधिकारवादी संस्थाहरुका लागि सबभन्दा सरल कार्यक्षेत्र भएको देखिएपनि यसले अपराधीलाई अभियोजन गर्ने संभावना टरेपछि र गैरसरकारी संस्था तथा मानव अधिकारवादी संस्थाहरुको ध्यान अन्य विषयतर्फ मोडिएपछि पीडित परिवारहरुलाई एक्लै छाडिने खतरा पनि निम्त्याउँछ । अर्जेटिनामा द्वन्द्वको तीन दशकपश्चात् पनि बेपत्ताका परिवारहरुलाई अझै पनि परिचालन गरिँदैछ र अझै पनि अवशेषहरू प्राप्त गर्नेसम्बन्धी काम जारी छ । पूर्व युगोस्लाभियामा चिहान उत्खनन तथा डि.एन. ए. परिक्षणका लागि पर्याप्त स्रोत साधन भए तापनि त्यो काम अझै सकिएको छैन । त्यसैले बेपत्तासम्बन्धी काम गर्ने संस्थाहरूमा ठूलै प्रतिबद्धताको भार पर्दछ- बेपत्तासम्बन्धी काम कहिल्यै नसिधिन सक्दछ । उत्खननजस्ता बेपत्तासम्बन्धी कार्य वा हस्तक्षेप अल्पकालिन हुनुहुँदैन । यदि परिस्थिति परिवर्तन हुनासाथ पीडित परिवारहरूलाई त्यसै एक्लै छाडियो भने तिनीहरुलाई अल्पकालिन राजनैतिक वा न्यायिक उद्देश्यका लागि आफ्नो उपयोग गरिएको अनुभूति हुन सक्दछ । बेपत्तासम्बन्धी कुनै पनि कार्यका लागि दीर्घकालिन उद्देश्य, प्रतिबद्धता तथा दृष्टिकोण हुनु महत्वपूर्ण हुन्छ ।  शव उत्खननपश्चात् पनि मनो-सामाजिक आवश्यकताहरू कायमै रहन्छन् । यसका अतिरिक्त, बेपत्ताको लागि प्रस्तावित कुनै पनि आयोगको प्रकृति सत्य निरुपण तथा मेलमिलाप आयोगको जस्तो अल्पकालिन हुन सक्दैन ।

# ५

# सत्य जान्न पाउने अधिकार र दण्डहीनताको सम्बोधन

यतिखेर नेपालमा मानव अधिकारवादी समुदाय तथा गैरसरकारी संस्थाहरूको मुख्य माग दण्डहीनताको अन्त्य हो । मानव अधिकारको गम्भीर उल्लंघन गर्ने व्यक्तिहरूलाई फौजदारी न्यायको माध्यमबाट दण्डहीनताको अन्त्य गर्न सकिने परिकल्पना गरिएको छ र मानव अधिकारको गम्भीर उल्लंघनहरुमा बेपत्तासम्बन्धी मुद्दालाई प्रमुख मुद्दाको रुपमा लिइएको छ । संरचनागत तथा भौतिक दुवै किसिमको उल्लंघनको घटनालाई प्रश्रय दिने दण्डहीनतालाई नेपाली समाजको प्रमुख कमजोरीको रुपमा सही किसिमले पहिचान गरिएको छ ।

दक्षिण अफ्रिका लगायत बेपत्तासम्बन्धी समस्याबाट प्रभावित अन्य देशहरूमा जस्तै नेपालमा पनि बेपत्ताबाट प्रभावित परिवारहरुको मुख्य माग घटनाको सत्य थाहा पाउनु तथा बेपत्ता पारिएकाका अवशेषहरु प्राप्त गर्नु नै रहेको छ । काठमाडौंमा २ र धादिङमा १ समूह गरी यस प्रतिवेदनको लेखकले मात्र तीनवटा विभिन्न पीडित समूहहरूसँग कुरा गर्ने अवसर पाएको थियो । प्रत्येकलाई तिनीहरूको मुख्य माग र आवश्यकता के हो भनेर सोधिएको थियो । सबैले कुनै अस्पष्टता विना नै घटनाको सत्य तथ्य थाहा पाउन र बेपत्ता पारिएको व्यक्तिको अवशेष प्राप्त गर्न चाहेको कुरा बताए । न्याय तिनीहरुको दोस्रो माग थियो । यद्यपि, तिनीहरू न्यायको स्वरुपमा अदालती मुद्दाहरू नभई प्रत्यक्ष प्रतिकारात्मक शारीरिक सजाय चाहन्थे । नेपालको न्यायपालिकाको वर्तमान समस्याग्रस्त अवस्थामा अदालती न्यायको धारणा पीडित समुदाय तथा व्यक्तिका लागि धेरै टाढा रहेको देखिन्छ ।

बेपत्तासम्बन्धी आयोगले मुख्यत बेपत्ताबाट प्रभावित भएकाहरूका आवश्यकता पूरा गर्नु पर्ने हुनाले बेपत्ता भएका व्यक्तिहरूको अवस्था पत्ता लगाउनु र तिनीहरुको अवशेष प्राप्त गर्नु नै त्यस्तो आयोगको मुख्य लक्ष्य हुनुपर्दछ । त्यसपछि यस्ता लक्ष्य हासिल गर्न उपयुक्त संयन्त्रका बारेमा विचार गरिनुपर्दछ । कुनै प्रोत्साहनविना पीडकहरूबाट प्राय कहिल्यै पनि घटनाको स्वीकृति हुदैन । परिणामको डरले गर्दा साँच्चिकै पश्चाताप गर्ने तथा घटनाको विवरण खोल्ने कार्यहरु अवरुद्ध हुन्छन् ।

द्वन्द्वका पक्षहरूले क्षमादानलाई समर्थन गर्ने कुरा अभिव्यक्त गरेको अवस्थामा क्षमादानको धारणा र यसको प्रयोगका सम्बन्धमा होसियारीपूर्वक कार्य गरिनुपर्दछ । अन्तरवार्ता लिइएका धेरै व्यक्तिहरू (मुख्यत कानुनविद्हरु)ले डर र इमानदारीताले बाँधिएका तल्लो तहका जोखिमपूर्ण पीडकहरूलाई घटना साविती गर्ने र त्यसैअनुसार साक्षीको संरक्षण प्राप्त गर्ने बाटो खोल्नुपर्ने अवधारणा अघि सारेका छन् । सत्य निरुपण तथा मेलमिलाप आयोगको प्रस्तावित विधेयकमा क्षमादानसम्बन्धी धारामा थप कार्य गर्दै त्यसमा आदेश र जिम्मेवारीको श्रृङ्खलासँग जवाफदेहीतालाई मिलाउन सकिने संभावना रहेको छ । एक जना कानुनविद्ले 'प्रोत्साहन र संरक्षण' शब्दावलीको प्रयोग गर्दै त्यस्तो सुविधा मुख्य अभियुक्तलाई भने दिन नहुने कुरा बताए । प्रोत्साहनमा छिटो अवकाश र पेन्सनको संभावना तथा संरक्षणमा उपयुक्त स्थानमा सरुवा पर्न सक्दछन् ।

अहिलेकै रुपमा क्षमादानको प्रावधानलाई स्वीकार नगरिएको भएतापनि बेपत्ताका परिवारहरूलाई केही जवाफ दिनसक्ने गरी यस अवधारणालाई कसरी सुधार गर्न, सिमित गर्न तथा परिभाषित गर्न सकिन्छ भनेर सोचविचार

गरिनुपर्दछ । धेरैजसो घटनाहरुमा क्षमादान दिनु नै अवशेषहरू प्राप्त गर्न सकिने एकमात्र उपाय हुनेछ । सर्वसाधरण तथा निश्चित अधिकारीहरुले बेनामी सुचना दिन सक्ने व्यवस्था पनि गर्न सकिन्छ ।

विषेशगरी, वर्तमान बहसपश्चात् कुनै क्षमादान सम्बन्धी प्रावधान राखिने भयो भने त्यसलाई बेपत्ता व्यक्तिहरुको अवस्थाको खुलासा र अवशेष प्राप्तिसँग आवद्ध गरिनुपर्दछ । कोलम्बियामा अहिले, अर्धसैनिकहरूले घटनाको निश्चित विवरण खुलाए पुग्ने तर अवशेष प्राप्त गर्न सहयोग गर्न नपर्ने प्रावधानले एउटा अपर्याप्त प्रक्रियाको कमजोर पक्षलाई प्रष्ट पारेको छ । दक्षिण अफ्रिकामा क्षमादानले 'आममाफी'का रुपमा कार्य नगरोस् भन्ने सुनिश्चित गर्नको लागि यसको रुप र सारमा थुप्रै विवाद र बहस भए र यी प्रयासहरुले क्षमादानसम्बन्धी सुनुवाई सार्वजनिक रुपमा गर्नुपर्ने सुनिश्चत गर्‍यो । यसरी क्षमादानसम्बन्धी सुनुवाइहरूमा पिडकहरूले गरेको प्रत्येक कार्यको विवरण तथा अवशेष रहेको स्थान बताउनुपर्ने भयो ।

# ६

# संक्रमणकालिन न्यायका विभिन्न संयन्त्रबीच अन्तर्सम्बन्ध

अहिले नेपालमा कुनै समन्वयविना नै संक्रमणकालिन न्यायका विभिन्न क्षेत्रहरूमा कार्य भइरहेका छन् । ती क्षेत्रहरु यसप्रकार छन् –

- बेपत्तासम्बन्धी आयोगका लागि मस्यौदा विधेयक
- सत्य निरुपण तथा मेलमिलाप आयोगका लागि मस्यौदा विधेयक
- तात्कालिक क्षतिपुर्तिको रकम भुक्तानी वा त्यस्ता क्षतिपुर्तिका प्रतिबद्धता
- बेपत्ताका पीडित परिवारका तर्फबाट बन्दी प्रत्यक्षीकरणको आवेदनमार्फत भएका कानुनी प्रयासहरु
- पीडितहरूको परिचालन
- संक्रमणकालिन न्याय र बेपत्तासम्बन्धी विषयमा मानव अधिकारवादी तथा गैरसरकारी संस्थाहरूको बढ्दो ध्यानाकर्षण तथा सक्रियता

अन्य देशहरुमा बेपत्तासम्बन्धी विषय सत्य आयोगहरुको व्यापक कार्यादेशको एक भागको रुपमा रहने गरेकोले बेपत्तासम्बन्धी छानविनहरुको तुलनात्मक अध्ययनका लागि अन्य देशका उदाहरणहरु त्यति धेरै संख्यामा पाइदैनन् । तसर्थ नेपाली प्रस्ताव एउटा छुट्टै अनुभव हो । छानविन आयोग भन्दा पनि शास्त्रिय 'सत्य आयोग'को रुपमा परिभाषित भए तापनि अर्जेन्टिनाको बेपत्ता सम्बन्धी आयोग (CONADEP) को प्रारम्भिक अनुभव र चिलीको सत्य आयोग अवश्यै मुख्य उदाहरणहरू हुन् । ती आयोगका प्रतिवेदनहरुको अंग्रेजी भाषाको प्रति प्राप्त गर्नु तुलनात्मक अध्ययनका लागि उपयोगी हुन सक्छन् ।[२०] श्रीलंकाका बेपत्तासम्बन्धी दुईवटा आयोगहरु पनि प्रत्यक्ष रुपमा नै सान्दर्भिक छन् ।

## ६.१. समान कार्य तथा विधिहरू

प्रस्तावित बेपत्तासम्बन्धी आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगबीचको अर्न्तसम्बन्ध स्पष्ट छैन र ती दुईबीच स्पष्ट सिमा कोर्नु आवश्यक हुनेछ ।

तिनीहरूबीच कस्तो कार्यविधिगत भिन्नता हुनेछ ? दुवैले पीडितहरूको अनुभव तथा पिडकहरूको जिम्मेवारी बारेमा सुचना तथा बकपत्र संकलन गर्नेछन् । संभवत दुवैले पीडितका वृत्तान्तहरू सुनी त्यसलाई अदालतमा हुन सक्ने संभावित प्रयोगको लागि संरक्षण गर्नेछन्, र दुवैले सार्वजनिक प्रतिवेदन प्रस्तुत गर्नेछन् । यद्यपि, बेपत्ता पार्ने कार्य अलग रुपमा हुँदैन – बेपत्ताको घटना प्राय यातना तथा परिवारका अन्य सदस्यको गिरफ्तारीसँग सम्बन्धित हुन्छ,

[२०] अर्जेन्टिनाको बेपत्ता सम्बन्धी आयोग CONADEP को प्रतिवेदन Nunca Mas (Never Again) नामक पुस्तकमा अंग्रेजीमा प्रकाशित भएको छ । यो पुस्तक न्युयोर्कको Farrar Straus Giroux ले प्रकाशित गरेको हो । यो पुस्तक १९८६मा लन्डनमा Faber and Faber Ltd द्वारा पनि प्रकाशित भएको छ, ISBN 0374223505 । पूरा प्रतिवेदन अंग्रेजीमा अनलाइन पाइन्छ कि पाइँदैन यकिन गर्न सकिएको छैन । चिलीको आयोगको प्रतिवेदन भने अंग्रेजीमा व्यापक रुपमा उपलब्ध छ ।

बेपत्ता पार्ने घटना अन्य दुर्व्यवहारहरुको अन्तिम रुप हुन सक्दछ । यी विषयहरु सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षेत्रभित्र पनि पर्दछन् । परिवार तथा व्यक्तिहरुले बेपत्ता लगायत अन्य उल्लंघनहरुको अनुभव गर्नुपरेको अवस्थामा तिनीहरुले दुवै संरचनासँग एकैसाथ काम गर्नुपर्ने हुनेछ । यसले पहिले नै राज्यका संरचनाहरुसँगको कार्यगत सम्बन्ध ज्यादै कमजोर रहेका पीडितहरुलाई अलमलमा पार्न सक्दछ ।

एकैसाथ निर्मित संक्रमणकालिन न्यायका संरचनाहरूको अनुभव गरेका अन्य देशहरूले ती संरचनाहरुबीच आपसी द्वन्द्व र प्रतिस्पर्धा विना नै आपसी अर्न्तसम्बन्ध र अर्न्तक्रियाको विकास गर्न संघर्ष गरेका छन् (उदाहरणको लागि सियरा लियोनको एकैसाथ निर्मित सत्य निरुपण तथा मेलमिलाप आयोग र मिश्रित अदालत) । यद्यपि, सत्य निरुपण तथा मेलमिलाप आयोगले गैरन्यायिक संयन्त्रको रुपमा काम गरेको र अदालतले अभियोजनात्मक शक्ति प्रयोग गरेको सिरालियोनको भन्दा खराब र विपरित स्थितिमा नेपालमा भने प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्तासम्बन्धी आयोग उही पिडित र उही उल्लंघन क्षेत्रमा कार्य गर्ने गैरन्यायिक संयन्त्रहरू हुन सक्नेछन् ।

## ६.२. श्रृङ्खलाबद्धता

बर्तमान समयमा 'श्रृङखलाबद्धता' संक्रमणकालिन न्यायको क्षेत्रमा लोकप्रिय अवधारणा हो । यसले विभिन्न आवश्यकता तथा परिवर्तित सन्दर्भअनुसार संक्रमणकालिन न्यायका विविध पक्षलाई कार्यान्वयन गर्ने योजनाबद्ध तथा चरणबद्ध पहुँचको वकालत गर्दछ । यद्यपि, नेपालमा संक्रमणकालिन न्यायका विविध प्रयासहरू आपसमा असम्बन्धित रहेको तथा तिनको कार्यान्वयन अनिश्चित रहेको अवस्थामा उचित 'श्रृङखला'को प्रस्ताव गर्नु कठिन छ । मानव अधिकारवादी संस्थाहरुले फौजदारी न्यायको माग र दण्डहीनतालाई चुनौती दिनुलाई आफ्नो कार्यादेशको शीर्ष स्थानमा राखेको भए तापनि केहीले - सीधै अभियोजनमा जानुभन्दा - अभियोजनलाई प्रक्रिया स्थिर र परिपक्व भएपछि संक्रमणकालिन न्यायको पछिल्लो भागतिर सार्न सकिने तर्क गरेका छन् । अन्य देशहरूको अनुभवबाट अभियोजनलाई पछि सार्दैमा त्यो सदाका लागि राष्ट्रको मुद्दा बन्नबाट हट्दछ भन्ने देखाउदैन । न्यायपालिकाको वर्तमान कमजोर अवस्थामा पहिले यसको सुदृढीकरण तथा सुधारतर्फ विचार गर्नु उचित हुन्छ ।

## ६.३. पीडितमैत्री तथा सुरक्षित प्रक्रिया

बेपत्तासम्बन्धी आयोगको कार्य पीडितमैत्री भएको सुनिश्चित गर्नु एक प्रमुख चुनौती हुनेछ । निश्चित अदालती अभ्यासहरुमा अभ्यस्त वकील तथा कानुनविद्हरूले कुनै प्रक्रिया निर्माण गर्दा साक्षीको बयान लिने, प्रश्न गर्ने प्रचलित विधिहरू र अदालतका प्राय पदसोपानयुक्त अभ्यासहरु नक्कल गर्ने संभावना हुन्छ । विभिन्न विधाका अझ सृजनात्मक विचार तथा सरोकारहरुलाई समावेश गर्नु आवश्यक हुन्छ ।

नेपालको धेरै भागमा सुरक्षाको उचित प्रबन्ध नभएको अवस्थामा साक्षी संरक्षणको पक्ष ज्यादै महत्वपूर्ण हुन सक्छ । इन्टरनेसनल कमिसन अफ जुरिस्ट (ICJ) ले यस क्षेत्रमा अनुसन्धान गरिरहेको जनाएको छ ।

# बेपत्तासम्बन्धी प्रभावकारी कार्यको सुनिश्चतताको लागि महत्वपूर्ण क्षेत्रहरू

ख

# ७

# अभिलेखन

## ७.१. एउटै तथ्यांक संकलन केन्द्रको विकास

सम्बन्धित अभिलेखका साथै सही र एकिकृत घटनासुचीको विकास गर्नु बेपत्तासम्बन्धी विषयमा कुनै पनि कार्य संचालनको आधारशीला हो । बेपत्तासम्बन्धी सम्पूर्ण तथ्यांकको एउटै एकिकृत 'संकलन केन्द्र' को निर्माण बेपत्तासम्बन्धी आयोगको लागि बलियो तथ्यांकीय आधार बन्दछ ।

राष्ट्रिय मानवअधिकार आयोगबाहेक कुनै पनि राज्य संरचनाले बेपत्ता पारिएका व्यक्तिहरूको सुची राखेको देखिदैंन । यद्यपि, छरिएर रहेको भएतापनि गैर-राज्य समूह तथा संगठनहरूमा नेपालमा हराइरहेका व्यक्तिहरूको बारेमा तुलनात्मकरुपमा राम्रै अभिलेख रहेको छ । बलपूर्वक बेपत्तासम्बन्धी क्षेत्रमा कार्यरत धेरैजसो समूहहरूले आफ्नो ध्यान पुग्न गएका घटनाहरूको केही न केही अभिलेख राखेका छन् । तिनीहरुले राखेका अभिलेखका सुचना ठूलै मात्रामा आपसमा दोहोरिने कुरा स्वाभाविक छ ।

घटना अभिलेखन गर्ने तरिका फरक फरक छन् । कसैले एक पाना कागजमा थोरै सुचना मात्र राखेका छन् भने कसैले तथ्यांकको आधार नै खडा गरेका छन् । तिनीहरुले राखेका अभिलेखका थुप्रै मुद्दाहरु आपसमा दोहोरिने कुरा स्वाभाविक छ । यद्यपि, अभिलेख राखिएका बेपत्ताका घटनाहरुका मापदण्ड तथा प्रकारहरू भिन्न भिन्न छन् र अभिलेख राख्ने विधि तथा वर्गीकरण पनि फरकफरक छन् । सुचनाको स्रोतको रुपमा फाइलहरू, कम्प्युटरमा राखिएका विभिन्न तथ्यांकिय आधारहरु, अदालतका अभिलेखहरू तथा समाचारका विवरणहरू रहेका छन् ।

तसर्थ, बेपत्तासम्बन्धी अभियानलाई बल प्रदान गर्न यससम्बन्धी सम्पूर्ण विवरणलाई सुदृढ गर्ने तथा बेपत्तासम्बन्धी सुचनालाई एकै ठाउँमा विकास गर्नुपर्ने आवश्यकता छ । यसका लागि सबै सम्बन्धित पक्षहरूको प्रतिबद्धता भएको परियोजना र अनुसन्धान तथा तथ्यांकिय आधार विकास गर्नुपर्दछ । तथ्यांक एकिकृत गर्ने कार्य चुनौतीपूर्ण छ । अन्य देशहरूको अनुभवमा गोपनीयता, शत्रुता तथा नमिल्दा तथ्यांक आदि कारणले यो अत्यन्त गाऱ्हो तर प्राथमिकताको कार्य भएको देखिएको छ ।

तथ्यांकको एउटै स्रोत वा आधार बनेपछि बेपत्ता पारिएका व्यक्तिहरूको भौगोलिक नक्सांकन विकास गर्न सकिन्छ । त्यसपछि यसलाई सुरक्षा निकायहरु रहेको स्थान र परिचालनसँग दाजेर हेर्न सकिन्छ ।

## ७.२. बेपत्ता पारिएका व्यक्तिहरूसम्बन्धी प्राप्त तथ्यांक

तल उल्लेखित समुहहरूसँग महत्वपूर्ण तथ्यांक रहेको छ –

| | |
|---|---|
| नेपाल बार एशोसिएसन (NBA) | अभिलेखन गर्ने उद्देश्यले नेपाल बार एशोसिएसनले सन् २००३ मा 'मानव अधिकार परियोजना' भनिने मानव अधिकार अनुगमन कार्यक्रम शुरु गऱ्यो । यद्यपि, *राष्ट्रिय* तथ्यांकिय आधार निर्माण वा सुचना संकलन भने भएको छैन । मुख्यत देशका विभिन्न पाँच स्थानमा रहेका कार्यलयहरूबाट सुचना संकलन गरिएका छन् । ८२ वटा बारका इकाइमा रहेका मानव अधिकार समितिहरूले स्थानीय तहमा अनुगमन गरी क्षेत्रीय तहमा सुचना पठाउँछन् र क्षेत्रीय तहमा प्रतिवेदन बनाई केन्द्रिय मानव अधिकार समितिमा पठाइन्छ । नेपाल बार एशोसिएसनले अस्वेच्छिक तथा बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूह (UNWGEID) ले विकास गरेको स्तरिय विधि (फाराम) स्थानीय तहको आवश्यकता अनुसार समायोजन गरी प्रयोग गरेको छ । नेपाल बार एशोसिएसनले एम्नेस्टी इन्टरनेसनल (AI) तथा अस्वेच्छिक तथा बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यसमूह (UNWGEID) मा पठाएका घटनाहरुको पनि प्रतिवेदन गर्दछ ।<br>नेपाल बार एशोसिएसनका मुद्दाका फाइलहरु कानुनी मुद्दाहरू भएकोले पीडितको सुविधाको लागि ती मुद्दाहरु बाहिरी पक्षको पहुँचमा छैनन् तर औपचारिक अनुसन्धानको लागि उपलब्ध गराउन सकिने कुरा बताइएको छ । |
| अदालतहरू | अदालतमा परेका मुद्दाहरू (जस्तै, बन्दी प्रत्यक्षीकरण सम्बन्धी आवेदनहरू) मा पनि थुप्रै तथ्यांक तथा निर्णयहरु रहेका हुन्छन् र ती उपलब्ध हुन सक्छन् । अभिलेख संकलनका लागि सम्बन्धित अदालतका संकेत नम्बरहरु नेपाल बार एशोसिएसनले दिन सक्नेछ । |
| राष्ट्रिय मानव अधिकार आयोग (NHRC) | राष्ट्रिय मानवअधिकार आयोगसँग नियमितरुपमा अद्यावधिक गरिएका करीब ९०० वटा जति समाधान नभएका घटनाहरुको सार खिचिएको एक्सेल (Excel spreadsheet) मा राखिएको विद्युतिय तथ्यांकिय आधार छ । प्रत्येक घटनाको अभिलेख गरिएको कागजी फाइल पनि रहेको छ । राष्ट्रिय मानवअधिकार आयोगमा पीडित व्यक्तिहरुले भर्नुपर्ने साधारण फाराम हुन्छ तर यो बेपत्ता पारिएको घटनाको लागि विशिष्टीकृत गरिएको छैन । राष्ट्रिय मानवअधिकार आयोगको त्यस इकाइले अन्तर्राष्ट्रिय रेडक्रस समितिद्वारा तयार गरिएको विशेष फारामको प्रयोग गरी यसले बेपत्ता पारिएका व्यक्तिहरुको बारेमा प्रारम्भिक विवरण (ante-mortem/pre-mortem) पनि संकलन गर्दछ र यसो गर्ने यो अहिले एक मात्र संगठन हो । |
| इन्टरनेसनल कमिसन अफ जुरिस्ट -सिभिसि (ICJ-CVC) | यी संस्थाहरू बेपत्तासम्बन्धी विषयमा पैरवी/वकालत र अभिलेख गर्ने तालिम दिने कार्यमा केन्द्रित छन् । यी संस्थाहरूद्वारा मुद्दाहरु सामान्यतया नेपाल बार एशोसिएसनको कानुनी सहायता बोर्डलाई सिफारिस गरिन्छ । तिनीहरुसँग २०९ वटा स्थायी बेपत्तासम्बन्धी घटनाहरुको अभिलेख छ । यी मध्ये १४ वटा माओवादीले अपहरण गरेका घटना छन् । अभिलेख सिभिसि(CVC)को कागजी फाइलहरुमा छ । |
| नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (OHCHR) | यस कार्यालयसँग घटनाको सारसंक्षेप तथा नामहरु उल्लेख गरिएका ६०० भन्दा बढी बेपत्तासम्बन्धी घटनाहरूको विद्युतिय तथ्यांकिय आधार रहेको छ । यिनीहरुमध्ये धेरैजसो घटनाहरु नेपाली अधिकारीहरूलाई (जस्तो कि ३०० जति घटनाहरू शाही नेपाली सेनालाई बुझाइएका छन्) तथा संयुक्त राष्ट्रसंघीय कार्यसमूहलाई पेश गरिएका छन् । यस कार्यालयसँग बर्दिया क्षेत्रबाट लगभग २०० जति घटनाहरु रहेका छन् । यसले बेपत्तासम्बन्धी तथा यससँग सम्बन्धित मुख्य घटनाहरुका बारेमा ब्रोसर तथा साना पुस्तकहरू प्रकाशित गरेको छ । |
| अन्तर्राष्ट्रिय रेडक्रस समिति (ICRC) | यो संस्थासँग विद्युतिय तथ्यांकिय आधार तथा कागजी फाइलहरु रहेका छन् । यसले समाधान नभएका घटनाहरू यसको वेवसाइटमा प्रकाशित गरेको छ तर तिनमा न्युनतम सुचनामात्र राखिएको छन् । |
| एड्भोकेसी फोरम | यस संस्थामा प्रश्नहरूको सुची सहित उल्लेखनिय मात्रामा घटनाहरुको अभिलेख राखिएको छ । यसले संयुक्त राष्ट्रसंघीय कार्यसमूहलाई पनि घटना तथा सुचीहरू उपलब्ध गराएको छ । |
| अनौपचारिक क्षेत्र सेवा केन्द्र (INSEC) | यो संस्थाले बेपत्ताका घटनाहरुको अभिलेख गरेको छ । |
| द्वन्द्वबाट प्रभावित व्यक्ति, परिवार तथा भौतिक संरचनाका सम्बन्धमा अभिलेख संकलन गर्नको लागि कार्यदल | यो समूहको अन्तरवार्ता लिइएको थिएन तर एउटा अखवारको रिपोर्टअनुसार यो कार्यदलले पनि केही तथ्यांक संकलन गरेको छ । (द राइजिङ नेपालको २००७ को नोभेम्बर ३० को अंक) |
| सरकारी संयन्त्रहरू | मलेगो आयोग र न्यौपाने आयोगका अभिलेखहरूमा बेपत्तासम्बन्धी केही तथ्यांक रहेको हुन सक्दछ । |

# ८

# पीडितका संगठन तथा परिचालन

## ८.१. पीडितहरुको संगठनको महत्वपूर्ण भूमिका

पीडित परिवारहरुद्वारा नै संचालित बेपत्तासम्बन्धी पीडितहरुको संगठन र पीडितको परिचालन यस विषयमा राज्यको जवाफदेहीता सुनिश्चित गर्ने कुनै पनि प्रयासका महत्वपूर्ण तत्वहरु हुन् । पीडितहरुको सहभागिता तथा नेतृत्व त्यस्तो प्रयासको सफलता र असफलताका महत्वपूर्ण र निर्णायक मापक हुन् । राज्यद्वारा औपचारिक संरचना निर्माण गरी नियुक्त व्यक्तिहरुले काम शुरु गरेपछि यस प्रक्रियामा सिमान्तीकृत र पीडित व्यक्तिहरुलाई बेवास्ता गरी सम्पूर्ण कार्य कसको लागि हो भन्ने कुरा सजिलैसित बिर्सिने हुन सक्छ । एड्भोकेसी फोरम र संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ) द्वारा डिसेम्बर २००७ मा संयुक्त रुपमा आयोजित कार्यशालामा पीडित पक्षका एक जना प्रतिनिधिले भनेजस्तै “सरकारले पीडित पक्षलाई समावेश नगरी कुनै पनि संरचना बनाउनु हुँदैन ।” पीडितहरूको संगठन विद्यमान परिचालन तथा बेपत्तासम्बन्धी कार्यको ‘दीर्घकालिन’ स्वरुपको कारणले मात्र महत्वपूर्ण होइन कि यो त मनोसामाजिक सहायताको कुनै कार्यक्रम नभएको अवस्थामा सहपाठी सहायताको लागि पनि महत्वपूर्ण छ । अन्तर्राष्ट्रिय रेडक्रस समितिले खासगरी मनोवैज्ञानिक विषेषज्ञ, आदि उपलब्ध नहुने दुर्गम क्षेत्रहरूमा पीडितपक्षसँग कार्य गर्दा यी अनौपचारिक पारिवारिक संगठनहरुलाई ठूलो महत्व दिएको छ ।

पीडितका संगठनहरुमा थुपै समस्याहरू रहेका छन् । सर्वप्रथम त पीडितहरू राजनैतिक सम्बन्धनका आधारमा विभाजित छन् । दोस्रो कुरा उनीहरू कुनै राजनैतिक शक्ति नभई जीवन धान्नका लागि दैनिक संघर्ष गर्ने न्युनस्तरको शिक्षा र स्रोतसाधन भएका प्राय सिमान्तीकृत र गरिब समुदायका व्यक्तिहरु हुन् । उनीहरू प्राय ग्रामीण दुर्गम क्षेत्रमा बसोबास गर्छन् जसले गर्दा उनीहरुको सहज परिचालन र एकताको लागि बाधा पुग्छ ।

## ८.२. नेपालमा विद्यमान पीडितपक्षका संगठन तथा संरचनाहरू

नेपालमा सबै किसिमका उल्लंघनसम्बन्धी साधारण पीडित संगठन तथा बेपत्तासँग मात्र सम्बन्धित विशिष्ट पीडित संगठन गरी दुई थरीका संगठनहरू पाइन्छन् । बेपत्तासम्बन्धी विषयलाई सांगठनिक रुपमा ‘अलग गर्दा’ फाइदा र बेफाइदा दुवै हुन्छ । पीडित पक्षका संगठनहरू सजिलैसँग विखण्डन, शत्रुता र विभाजनको शिकार हुन सक्दछन् । तथापि, बेपत्ता पारिएका व्यक्तिका परिवारहरुले भोगेका खास समस्याहरू र तिनका खास आवश्यकताहरू रहेका हुन्छन् (जुन कुरा यातनालगायत अन्य उल्लंघनका सम्बन्धमा पनि लागु हुन्छ), ती विषयहरुको सम्बोधनको लागि लक्षित सामूहिक पहुँच उपयोगी हुन सक्छ । ‘हराइरहेका’ वा ‘बेपत्ता पारिएका’ व्यक्तिहरूको आन्दोलन राजनैतिक विभाजनको घेरा भन्दा माथि उठ्न सक्दछ ।

केही महत्वपूर्ण संरचना तथा तिनको प्रक्रियाको विकास केही पहिलेदेखि भएको भएपनि सन् २००७ को अन्तसम्ममा नेपालमा पीडित पक्षको कुनै राष्ट्रिय संरचना वा त्यस्तै कुनै समन्वयात्मक संगठन थिएन । तसर्थ अहिलसम्म

माओवादीद्वारा नेतृत्व गरिएको पीडित पक्षको संगठनलाई छाडेर पीडित पक्षको संगठनले नभई गैरसरकारी संस्थाहरुले यस प्रक्रियालाई अघि बढाएका छन् । उदाहरणको लागि, यो ल्याटिन अमेरिकाको परिवेशभन्दा भिन्न छ । नेपालमा पीडित व्यक्तिहरू छरिएर रहेका, सिमान्तीकृत तथा ग्रामिण क्षेत्रमा बसोबास गर्ने भएकोले सशक्त केन्द्रिकृत संरचना निर्माण गर्ने कुरा त्यति संभव देखिँदैन । गैरसरकारी संस्था तथा अन्य संगठनहरूको साझेदारी पीडितहरुका यी संगठनहरुलाई निरन्तरता दिनका लागि आवश्यक हुनेछ ।

मुख्यगरी ने.क.पा. माओवादीको निर्देशनमा परिचालित राज्यको हिंसाबाट पीडित व्यक्तिहरूको संरचना सबैभन्दा पहिले परिचालित भएको पीडितको संरचना हो । राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिका परिवारहरूको समाज (the Society of Families of those Disappeared by the state-SOFAD) प्रभावकारी र सशक्त पैरवी समूह भएको छ । यसको सदस्यता र नेतृत्व मुख्यत माओवादी पार्टीको मातहतमा रहेको छ । यसले राष्ट्रिय स्तरमा परिचालित भई आफ्नो उपस्थिति देखाउन सकेको छ । यस समूहले नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय अगाडि धर्ना दिएर आफ्ना गुनासोहरूलाई उजागर गर्‍यो । यद्यपि, यसको नेतृत्व विवादका कारण गम्भीर आन्तरिक विभाजनले गर्दा अहिले यसका क्रियाकलापहरू प्रभावहीन भएका छन् ।

लमजुङमा स्थापित सामाजिक न्यायको केन्द्र (Center for Social Justice) जस्ता केही स्थानीय स्तरका पीडित पक्षका समूहहरू बनाउने पहलहरु पनि भएका छन् । पत्रपत्रिकाहरूका प्रतिवेदनमा माओवादी पीडित संगठन (Maoist Victims Association) भनिने माओवादी हिंसाका पीडितहरूको संगठन पनि रहेको उल्लेख गरेको पाइन्छ । हाल बर्दियामा स्थापित तथा विस्तार गर्ने लक्ष्य लिइएको द्वन्द पीडितहरूको समूह (Conflict Victim Group-CVC) जस्ता स्वतन्त्र समूह पनि स्थापना भएका छन् ।

धेरै जसो गैरसरकारी संस्था वा संगठनहरुले पीडित व्यक्तिहरू तथा/वा तिनका समूहसँग कुनै न कुनै रुपमा अन्तर्क्रिया गरेका छन् । यस्तो अन्तर्क्रिया अभिलेखन गर्ने तालिम दिने, घटनाहरूको अनुगमन गर्ने, मुद्दाहरुमा कानुनी सहायता दिने तथा पीडित पक्षको संगठन निर्माण गर्ने कार्यहरूसम्म विस्तारित भएको पाइन्छ ।

एड्भोकेसी फोरम पीडित पक्षको क्षमता अभिबृद्धि तथा ती समूहहरूको सहजिकरण गर्ने दिगो कार्यक्रम भएको एक संगठन हो । देशका विभिन्न भागमा रहेका यसका १५ वटा कार्यलयहरूमार्फत यो अझै पनि विभिन्न क्षेत्रहहरूमा केन्द्रित छ । एड्भोकेसी फोरमको कार्यक्रममा ७० वटा पीडित पक्षका समूहहरू रहेका छन् । प्रत्येक समूहमा महिला तथा पुरुष गरी १० देखि ४० जना सदस्य रहेका छन् । यी समूहहरू १५ वटा जिल्लामा अवस्थित छन् । यी समूहका सदस्यहरुमा बेपत्ता पार्ने कार्यका पीडितहरु मात्र नभई यातना र मृत्यु लगायत मानवअधिकारका सम्पूर्ण गम्भीर उल्लंघनबाट पीडितहरु पनि रहेका छन् । यी समूहलाई न्यायका लागि दवाव समूह (Pressure Group for Justice) भनेर चिनाइन्छ । राष्ट्रिय स्तरमा सचेतना जगाउनका लागि १५ जिल्लाका पीडित समूहहरूको राष्ट्रिय भेला गर्ने तयारी भइरहेको छ । कुनै राजनीतिक सम्बन्धन नभएको र समावेशी प्रकृतिको पीडितहरुको राष्ट्रिय छाता संगठन बनाउने चाहना एड्भोकेसी फोरमको रहेको छ, तर यसले बलपूर्वक त्यसो गर्न भने चाहँदैन । ती पीडितका संगठनहरुले गैरसरकारी संस्थाका रुपमा सरकारी निकायमा दर्ता गर्नुपर्ने हुन्छ । यसरी अन्तत्वगत्वा ती संगठनहरु एड्भोकेसी फोरमबाट स्वतन्त्र होस् र यसको सीमितमात्र भूमिका रहोस् भन्ने चाहना एड्भोकेसी फोरमको छ ।

## ८.३. पीडित पक्षका संगठनहरूको क्षमता अभिबृद्धि

प्राय सीमित स्रोतसाधन र क्षमता भएका पीडित पक्षका संगठनहरुलाई सहायताको आवश्यकता पर्दछ। यसर्थ, गैरसरकारी संस्थासँगको साझेदारीबाट पीडित पक्षको संगठनलाई सुदृढ बनाउनु महत्वपूर्ण हुन्छ।[२१] यस्तो सहायता वित्तिय, भौतिक, तालिम तथा संयुक्त परियोजना आदि विभिन्न रुपमा हुन सक्दछ। यद्यपि, त्यस्तो साझेदारीले ती संगठनलाई गैरसरकारी संस्थाको साधन बनाउने खतरा हुन्छ र ती संस्थाले आफ्ना हितलाई वैधानिकता दिन ती संगठनलाई प्रयोग गर्न सक्दछन्।

तालिमका सम्बन्धमा पीडित पक्षको संगठन तथा गैरसरकारी संस्थाले बेपत्ताको घटनाको विस्तृत विवरणका साथै हराइरहेका व्यक्तिहरूको बारेमा भौतिक सुचना अभिलेखन गर्ने तरीका सिकेर फाइदा लिन सक्दछन्। डि.एन.ए. विना नै व्यक्ति पहिचान गर्न सकिने यस महत्वपूर्ण क्षेत्रमा काम भइरहेको छैन। व्यवस्थापकीय प्रक्रिया जहाँ पुगेको भएपनि भविष्यमा विस्तृत परिक्षणका लागि हराइरहेका व्यक्तिका परिवारका सदस्यबाट डि.एन.ए. नमुना तथा वंशाणुगत सुचना लिने र संचित गर्ने तरीका आफन्तहरु जिवित हुँदै गर्न सकिने कुरा हो। तर यो कार्य केन्द्रिकृत विधिबाट गरिनुपर्दछ।

संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ) र एड्भोकेसी फोरमले सन् २००७ को अन्त्यतिर गरेको सर्वेक्षणमा पीडितहरूले उनीहरुलाई - नागरिक र राजनैतिक हिंसाबाट पीडित - दुवै रुपमा पीडितका अधिकार र न्यायको पहुँचमा कुनै ध्यान नदिइएको कुरामा जोड दिए।[२२] यसले बेपत्ता सम्बन्धी कार्य र नागरिक समानताबीचको सम्बन्धलाई दर्साउँछ जुन कुरा नेपालमा राजनैतिक हिंसाको केन्द्रमा रहेको छ।

[२१] तुलना गनुपर्दा, हिंसा र मेलमिलापसम्बन्धी अध्ययन केन्द्र (Center for the Study of Violence and Reconciliation-CSVR) नाम गरेको एउटा दक्षिण अफ्रिकी गैरसरकारी संस्थाले दक्षिण अफ्रिकी सत्य निरुपण तथा मेलमिलाप आयोग बन्दै गरेको बेला खुलुमनी (Khulumani) नाम गरेको एउटा राष्ट्रिय स्तरको पीडितहरूको संगठन निर्माण गर्न मुख्य भुमिका निर्वाह गऱ्यो। हिंसा र मेलमिलापसम्बन्धी अध्ययन केन्द्र (CSVR)सँगको केही वर्षको खट्पट्पूर्ण सम्बन्धपश्चात् खुलुमनीले आफ्नो स्वतन्त्र अस्तित्व सृजना गर्ने र CSVR सँग आफ्नो सम्बन्ध सीमित गर्ने प्रयत्न गऱ्यो। खुलुमनी कुनै खास पक्षसँग आबद्ध नभई सबै प्रकारका उल्लंघनका सम्पूर्ण पीडितहरूको संगठनको रुपमा रह्यो। तर यसको संरचनाभित्र बेपत्ता पार्ने कार्यबाट प्रभावित परिवारहरूका विशिष्ट उपसमूहहरू रहेका छन्।

[२२] "नेपाली आवाज, न्याय, सत्य, पुनर्लाभ, मेलमिलाप र नेपालको संक्रमणकालसंबन्धमा पीडितहरुको धारणा", मार्च २००८ मा प्रकाशित, नेपाली संस्करण संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ) र एड्भोकेसी फोरमका कार्यालयहरुमा उपलब्ध, अंग्रेजी संस्करणको लागि http://www.ictj.org/images/content/8/3/830.pdf

# ९

# अनुसन्धान तथा उत्खननको प्रभावकारी कानुनी परीक्षणको (forensic) कार्यक्रम

*"विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुले यस सम्बन्धमा दुई प्रकारको आधारभूत मापदण्ड निर्माण गरेका छन्, ती हुन् – यस्तो कार्यक्रम कुनै पनि प्रकारको राजनैतिक दबावमा संचालन गरिनुहँदैन र यसले अन्तर्राष्ट्रिय समुदायद्वारा मान्यताप्राप्त विधिको प्रयोग गर्नुपर्दछ ।"*[२३]

## ९.१. मृतकका सम्बन्धमा सांस्कृतिक भावना तथा अभ्यासहरू

नेपालमा बहुसंख्यक जनसंख्याले कसैको मृत्यु लगत्तै मृतकलाई धेरैजसो नदीको किनार लगायत विशेष स्थानहरुमा लगेर परम्परागत संस्कारपूर्वक लाश जलाउने गर्दछन्, त्यसपछि जलाएर बाँकी रहेका अंश नदीमा बगाउने गर्दछन् । केही अल्पसंख्यक मानिसहरूले मात्र मृत शरीरलाई गाड्ने गर्दछन् । सबै अवस्थामा सम्बन्धित सांस्कृतिक प्रक्रिया हुन्छ, र यी धार्मिक संस्कारहरू व्यक्तिगत तथा सामाजिक रुपले अनिवार्य मानिन्छन् भने त्यसो नगर्ने परिवारहरूले विभिन्न सामाजिक परिणाम भोग्दछन् । मृतकको शरीर प्राप्त नभएमा परिवारले कहिलेकाहीँ मृत व्यक्तिलाई प्रतिनिधित्व गर्ने घाँसको पुत्ला बनाएर जलाउने गर्दछन् । केही बेपत्ताका परिवारहरूले यस्तो संस्कार अनुरुप अन्तिम संस्कार सम्पन्न गरेका छन् । उदाहरणको लागि, सुरक्षाफौजको आक्रमणमा परी फेब्रुअरी २००२ मा कालिकोटको हवाइ मैदानमा कार्यरत रहँदा मारिएका धाडिङ्ग, जोगिमाराका १५ जना व्यक्तिहरूमध्ये धेरैका परिवार आफ्ना छोरा वा पतिको लास नपाएको अवस्थामा विभेदकारी सामाजिक परिणामका कारण यस किसिमबाट अन्तिम संस्कार गर्न 'बाध्य' भएका थिए ।[२४]

गाड्नुको बदला जलाएर अन्तिम संस्कार गर्ने प्रचलन बढी भएको भन्दैमा मृतकको शव प्राप्त गर्ने कुराको महत्व कुनै हालतमा पनि कम हुँदैन । अनुसन्धानको क्रममा कुरा गरिएका सबै व्यक्ति तथा समूहहरूले अवशेषको स्थानको ज्ञान नहुँदा वा अवशेष प्राप्त नगर्दा सम्बन्धित परिवार सामाजिक तथा व्यक्तिगत रुपमा अन्यौलमा परेको कुरा जोडदार रुपमा व्यक्त गरे र अवषेश प्राप्त गर्नु अत्यन्त महत्वपूर्ण भएको बताए ।

## ९.२. बेपत्ता भएका व्यक्तिहरूको मानव अवशेषको प्राप्ति

यो कुरा स्पष्ट नै छ कि नेपालमा बेपत्ता पारिएका धेरैजसो व्यक्तिहरुको मानव अवशेष गोप्य स्थान (अनौपचारिक चिहान) मा गाडिएका छन् जसको जानकारी सो घटनाका पीडक वा गाँड्ने कार्यमा संलग्न भएका व्यक्तिहरूलाई मात्र थाहा छ ।

[२३] संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, मेक्सिकोका लागि मे २००१ म अर्जेन्टिनी फोरेन्सिक मानवशास्त्र समूह (Argentine Forensic Anthropology Team-EAAF) का लुइ फन्डब्राइडर र पोर्चुगलको राष्ट्रिय कानुनी उपचार संस्था (National Institute of Legal Medicine)का मारिया क्रिस्टिना डे मेन्डोन्काद्वारा लिखित Model Protocol On The Forensic Investigation Of Deaths Suspected To Have Been Caused By A Human Rights Violation

[२४] सो घटना मोहन मैनालीद्वारा निर्मित "द वेट कन्टिन्युज"(The Wait Continues) नामक अन्तर्राष्ट्रिय रेडकस समिति नेपालको वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

धेरैजसो अवस्थाहरूमा लाशहरू गाडिएका तथा केहीमात्र जलाइएका हुन सक्ने संभावना छ । लाश गाडिएका धेरैजसो घटनाहरूमा अहिलेसम्ममा मानव अवशेष अस्थिपञ्जरमा परिणत भइसकेको हुन सक्छ ।

जलाउन लामो समय लाग्ने र सजिलै, चाँडै वा गोप्यरुपमा गर्न नसकिने हुनाले सुरक्षाफौजको आधारक्षेत्र भित्र वा त्यसको आसपासको क्षेत्रमा धेरैजसो मृत शरीरहरू गाडिएका वा फ्याँकिएका हुन सक्दछन् ।

आईसिजे (ICJ)का सदस्य गोविन्द शर्माले मारिएका बन्दीहरुको लाशलाई पहिले बालबलिकाको चिहानमा गाडिएको र केही दिनपछि पीडकहरुद्वारा त्यहाँबाट खनेर निकाली नदी छेउमा लगी जलाइएको र जलेर बाँकी भएका अशंहरु नदीमा फ्याँकिएको एउटा घटनाको उल्लेख गरे ।

अवशेषहरु जलाइएका घटनाहरूमा पनि जलाएको स्थानको पुरातात्विक पुष्टिबाट केही हदसम्म अवशेषको प्रमाणिकरण गर्न संभव हुन्छ । यसका साथै जलाएपछि बाँकी भएका सम्पूर्ण हड्डीका टुकाहरू पीडकले प्रभावकारीरुपमा तह नलगाएको पनि हुन सक्छ । तीन चार घण्टा आगोमा पोलेर मानव शरीर पूर्ण रुपमा खरानी हुँदैन र केही मात्रामा जलेका हड्डी बाँकी रहिरहन्छ । जलेर बाँकी भएका कुराहरु हटाइएपनि औंला र पैतालाका सानातिना हाडहरू छोडिने संभावना हुन्छ ।

## ९.३. नेपालमा भएका पछिल्ला उत्खननका कार्यहरू

विगत केही वर्षहरूमा नेपालमा अनुसन्धानात्मक उत्खननका थोरै कार्यहरू भएका छन् । त्यस्ता उत्खनन सामानयत राष्ट्रिय मानव अधिकार आयोगको मातहतमा भएका छन्, भने अन्य साझेदार निकायहरू अनुसन्धानकर्ता वा अवलोकनकर्ताका रुपमा संलग्न भएका छन् ।

नेपालमा शव उत्खनन र जाँच गर्ने कानुनी अधिकार नेपाल प्रहरीलाई मात्र छ । यद्यपि, उत्खनन गर्ने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको अधिकारका बारेमा केही प्रश्न उठाइएको भए तापनि आयोगले यसको अनुसन्धात्मक कार्यक्षेत्रको भागको रुपमा उत्खननका कार्यहरु गरेको छ । एउटा घटनामा भने सर्वोच्च अदालतले उत्खनन गर्ने आदेश दिएको थियो ।

सम्भव भएसम्म उत्खननका निम्ति निम्न चरणहरू पार गर्नुपर्ने हुन्छ –

क) प्रारम्भिक अनुसन्धान तथा स्थल पहिचान ("अनुसन्धानको चरण")

ख) पुरातात्विक विधिहरूको प्रयोग गरी स्थल तथा अवशेषहरूको उत्खनन ("पुरातात्विक चरण")

ग) घाउचोट, मृत्युको कारण तथा भौतिक अवस्था पत्ता लगाउन अवशेषसम्बन्धी मानवशास्त्रीद्वारा प्राप्त अवशेषहरुको परीक्षण ("मानवशास्त्रीय चरण")

**अनुसन्धानको चरण :–** लाश गाडिएको संभावित स्थान पत्ता लगाउने र प्रारम्भिक अनुसन्धान गर्ने काम प्राय जसो राष्ट्रिय मानव अधिकार आयोगद्वारा गरिएको थियो भने एउटा घटनामा अन्तर्राष्ट्रिय रेडक्रस समितिद्वारा गरिएको थियो । अनुसन्धानको गुणस्तर मुल्यांकन गर्न सकिएन । यद्यपि, राष्ट्रिय मानव अधिकार आयोगका केही फाइलको अध्ययन गर्दा व्यवस्थित र अभिलेखयुक्त प्रक्रियाको संकेत मिल्यो ।

**पुरातात्विक चरण :–** कानुनी चिकित्साका नेपाली विशेषज्ञहरू (forensic pathologists) ले प्रहरी तथा शव बुझ्ने अधिकारीहरूका साथमा अवशेषहरुको उत्खनन तथा कानुनी परिक्षण (forensic examinations) गरे । धेरैजसो यस्ता कार्यहरू पुरातात्विक सिद्धान्तहरुको प्रयोग गरेर गरिएका उत्खननभन्दा पनि चाँडैचाँडै हटाउने प्रक्रियाजस्तो देखिए । दुईवटा यस्ता कार्यहरुमा अन्तर्राष्ट्रिय विशेषज्ञको प्रयोग गरियो ।

**मानवशास्त्रीय चरण :–** माथि उल्लेखित दुईवटा घटनामा बाहेक प्राप्त अवशेष तथा/वा वस्तुहरू कानुनी चिकित्साका विशेषज्ञहरू (forensic pathologists)द्वारा सामान्यरुपमा परिक्षण गरिए साथै तिनीहरुले नै शव परीक्षणको प्रतिवेदन (post mortem reports) पनि तयार गरे । राजनैतिक रुपले संवेदनशील घटनाहरूमा एक भन्दा बढी विशेषज्ञ संलग्न भई प्रतिवेदनमा हस्ताक्षर गरे । राष्ट्रिय मानव अधिकार आयोगले दिएको जानकारीअनुसार दुइवटा उत्खननका कार्य आयोगको अनुगमनमा प्रहरीले नै गरेका छन् ।

तलको तालिकामा विभिन्न घटना तथा संलग्न निकायहरूको बारेमा केही जानकारी दिइएको छ :

### अहिलेसम्म भएका उत्खनन तथा परीक्षणहरू

| उत्खनन तथा परीक्षण गर्ने संस्था | उत्खनन तथा परीक्षण भएका व्यक्तिहरू | बलपूर्वक बेपत्ता पारिएको परिस्थिति | उत्खनन तथा परीक्षणमा संलग्न विशेषज्ञता | पहिचान तथा परिवारलाई अवशेषको हस्तान्तरण |
|---|---|---|---|---|
| राष्ट्रिय मानव अधिकार आयोग (यो स्थलगत शव परिक्षण (Post mortem) थियो न कि उत्खननपछिको परिक्षण) | १८ जना व्यक्तिहरू (५ जना महिला तथा १३ जना पुरुष) | २ जना सर्वसाधारण तथा १६ जना माओवादी लडाकुलाई शाही नेपाली सेनाद्वारा एउटा दुर्गम स्थानमा लगिएका र दोरम्बा नजिकै १७ अगस्त २००३ मा गोली हानी मारिएका | कानुनी चिकित्साका नेपाली विशेषज्ञ (forensic pathologist) डा. एच् वस्ती लगायतका अरुहरूले मारिएको १० दिनपछि अवशेषको परीक्षण गरेका थिए । | स्थलगत शव परीक्षण (post mortem) र कानुनी परीक्षण (forensic examinations) पछि मारिएको स्थानमा पुनः गाडिएको तथा एक जना मृतकको लाश सम्बन्धित परिवारले अन्त्येष्टिको लागि लगेको |
| राष्ट्रिय मानव अधिकार आयोग (अन्तर्राष्ट्रिय रेडक्रस समिति गाडिएको स्थान पहिचानमा संलग्न) | १६ वर्षीया सरला सापकोटा, धाडिङ्ग नजिकै १६/१७ जुलाई २००४ को राति मारिएकी | सुरक्षकर्मीद्वारा अपहरित, अत्याधिक बल प्रयोगको कारणले मृत्यु भएको ठहर | कानुनी चिकित्साका नेपाली विशेषज्ञहरु (forensic pathologists) डा. वस्ती तथा डा. पि.के. श्रेष्ठद्वारा ११ जनवरी २००६ मा अस्थिपञ्जरमा परिणत भइसकेका अवशेषहरुको उत्खनन र परीक्षण गरिएको | अवशेष अझै पनि अन्त्येष्टिको लागि सम्बन्धित परिवारलाई नबुझाइएको । भारतको एउटा ल्याबमा पठाइएका नमुनामार्फत डि.एन. ए.को पहिचान प्राप्त गर्ने प्रयास सफल नभएको |
| राष्ट्रिय मानव अधिकार आयोग | काभ्रेपलाञ्चोक जिल्लामा एक इसाई पुरुष | सुचना प्राप्त नभएको | कानुनी चिकित्साका नेपाली विशेषज्ञ (forensic pathologist) द्वारा ५ जुलाई २००६ मा उत्खनन तथा परीक्षण गरिएका | परिवारले अवशेष प्राप्त गरी पुनःगाडिसकेको छ । |
| प्रहरी, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय र एड्भोकेसी फोरम | १५ वर्षीया मैना सुनुवार | सन २००४ को फेब्रुअरीमा नेपाली सेनाद्वारा गिरफ्तार गरी यातना दिई मारिएको । काभ्रे जिल्लाको पाँचखालमा रहेको वीरेन्द्र शान्ति स्थापना तालिम केन्द्रमा अवशेष गाडेर राखिएको | संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयद्वारा ल्याइएकी कानुनी चिकित्साका कोलम्बियन विशेषज्ञ (forensic pathologist) मारीया डोलोरेज मोर्सिलो तथा डा. वस्तीद्वारा सन् २००७ को मार्चमा उत्खनन तथा परीक्षण गरिएको | हुन बाँकी |
| राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनमा नेपाल प्रहरीद्वारा गरिएको | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको |
| राष्ट्रिय मानव अधिकार आयोगको अनुगमनमा नेपाल प्रहरीद्वारा गरिएका | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको | विवरण प्राप्त नभएको |
| राष्ट्रिय मानव अधिकार आयोग | शिवपुरी राष्ट्रिय निकुञ्जमा स्थलगत उत्खनन गरिएको | नेपाली सेनाको भैरवनाथ गणमा थुनिएका ४९ जना माओवादी कार्यकर्ता गाडिएको संभाव्य स्थल | फिनल्याण्डका विशेषज्ञसहित कानुनी चिकित्साका नेपाली विशेषज्ञहरू | कुनै मानव अवशेष फेला परेको नदेखिएपनि परीक्षण जारी |
| राष्ट्रिय मानव अधिकार आयोग | धनगढीमा चमनसिंह बम गाडिएको भनिएको स्थानको उत्खनन | सन् २००३ को मे मा माओवादीद्वारा अपहरण गरिएका | २ जनवरी २००८ मा राष्ट्रिय विज्ञान तथा प्रविधि प्रतिष्ठानका डा. वस्ती र डा. रिजालद्वारा परीक्षण गरिएको | कान्तिपुरमा प्रकाशित अपुष्ट समाचार (www.kantipur online.com/kolnews. php?&nid=133041 ) |

## ९.४. उत्खनन तथा अवशेषको कानुनी परिक्षण (forensic examinations) मा संलग्न विषेशज्ञता

अन्तरवार्ता लिइएका धेरैजसो संगठनहरुले नेपालमा हाल संचालन भइरहेका उत्खननको विधि - वा त्यसको अभाव - का सम्बन्धमा र त्यसको परिणामस्वरुप प्रमाण नष्ट हुने संभावनाप्रति व्यापक चिन्ता व्यक्त गरे । बेपत्ताका मुद्दाहरुबाट संभाव्य पीडकहरुलाई अभियोजन गर्ने ठूलो आशा गरिएको अवस्थामा त्यस गम्भीर विषयलाई सम्बोधन गर्नैपर्ने हुन्छ ।

फोटो, भिडियो तथा अवशेष परीक्षणको प्रतिवेदन (forensic reports) लगायतका उत्खननका अभिलेखहरू सामान्यतया माथि उल्लेखित निकायहरुको स्वामित्वमा रहेका छन् । यस प्रतिवेदनको तयारीका लागि तिनको खोजी गरिएन तर पनि राष्ट्रिय मानव अधिकार आयोगले उदारतापूर्वक केही फाइल र फोटोहरु हेर्ने अनुमति दियो ।

यसबाट केही निश्चित निष्कर्षहरू निकाल्न सकिन्छ । सामान्यतया असल नियत र प्रयास भएपनि यस्ता उत्खनन र परीक्षणका कार्यहरू क) अन्तर्राष्ट्रिय रुपमा स्वीकृत मापदण्ड (protocol) र ख) कानुनी चिकित्सा (forensic) सम्बन्धी पुरातात्विक तथा मानवशास्त्रीय विषेशज्ञताको अभावमा संचालन भइरहेका छन् ।

कानुनी परीक्षण (pathology examinations) तथा शव परीक्षण (post mortems) मा संलग्न विषेशज्ञहरूको पर्याप्त अनुभव भएको भए तापनि *पुरातात्विक* उत्खनन, विशेष गरी अनौपचारिक गोप्य चिहानहरुको सम्बन्धमा, तिनीहरुको विशेषज्ञ सिप वा तालिम पर्याप्त छैन ।

यसका साथै, तिनको प्रमुख विशेषज्ञता *अस्थिपञ्जरमात्र* बाँकी रहेको अवशेषका सम्बन्धमा भन्दा पनि ताजा शवहरू र नरम तन्तुहरूसँग सम्बन्धित हुनेछ ।

हालका नियमित शव परीक्षण (post mortem examination) संचालन गर्न त्यस्ता विशेषज्ञहरु नेपालमा सीमित संख्यामा रहेको अवस्थामा नेपाली विशेषज्ञहरुमा कार्यभार बढ्न गई तिनीहरुले उचित उत्खननको लागि चाहिने खालको *समयावधि* दिन सक्दैनन् ।

**उदाहरण : सुश्री एस्. सापकोटाको उत्खनन**

सुश्री एस सापकोटाको भनिएको अवशेषको उत्खनन तथा परिक्षणको सम्बन्धमा प्रतिवेदन प्राप्त भयो र उत्खननको फोटो तथा भिडियो पनि अवलोकन गरियो । शव परीक्षणको प्रतिवेदन उचित छ र परिक्षण गर्ने विशेषज्ञको दक्षता दर्साउँछ, तर उत्खनन पूर्णरुपमा अपर्याप्त थियो । उपयुक्त पुरातात्विक तथा मानवशास्त्रीय विधि प्रयोग गरिएन भन्ने प्रष्ट नै छ ।

केही समस्याहरुको पहिचान गर्नँपर्दा घटनास्थलमा २ घण्टा मात्र व्यतित गरिएको थियो । यो अवधि पुरातात्विक उत्खनन संचालन गर्न तथा प्रक्रियाको उचित अभिलेखन राख्नको लागि प्रयाप्त हुँदैन । प्रत्येक हड्डी हड्डी नझीकी चाँडैचाँडै पुरै अस्थिपञ्जर झिकियो । फलस्वरुप, हात र खुट्टाका थुपै साना हड्डीहरु त्यहीँ छुटिएको देखिन्छ । प्राप्त अवषेशको पूर्ण विवरण पनि छैन । चिहानको चारकिल्ला तोकिएको चित्र पनि बनाइएको छैन ।[२५] होशियारीपुर्वक गरिएको पुरातात्विक उत्खननविना महत्वपूर्ण प्रमाण वा बस्तुहरू प्राप्त नभएको हुनसक्छ ।

**<u>कानुनी चिकित्सासँग सम्बन्धित मानवशास्त्री तथा पुरातत्वविद्</u> (forensic anthropologists and forensic archaeologists)** को संयोजन भएमा प्रभावकारी तथा सफल उत्खननका लागि उचित र आवश्यक आधार तयार हुन्छ जसले विशेषगरी फौजदारी न्यायका मुद्दाहरु लगायतका कुरामा मृत्युको कारण निर्धारण गर्न र संभाव्य पहिचानहरु संकलन गर्न सजिलो हुन सक्छ ।

## ९.५. बेपत्तासम्बन्धी कार्यका □उत्कृष्ट अभ्यासहरू□को अनुसरणको सुनिश्चितता

बेपत्ता भएका व्यक्तिहरूको ठूलो संख्या भएको तथा मृत माओवादी लडाकुहरूलाई जथाभावी अनौपचारिक चिहानहरुमा गाडिएको हुन सक्ने संकेत रहेको अवस्थामा नेपालमा अनुसन्धान, उत्खनन तथा अवशेषहरुको प्राप्तिका

[२५] यस सम्बन्धमा म अर्जेन्टिनी फोरेन्सिक मानवशास्त्र समुह(Argentine Forensic Anthropology Team-EAAF)का सुश्री सि. विसो तथा श्रीमान् एल्. फोन्डब्राइडर प्रति तिनका अमुल्य विचारका लागि आभारी छु ।

कार्यहरु धेरै धेरै बर्षसम्म चल्न सक्दछन् । त्यसैले यस्तो व्यापक कार्यक्रम अवशेष विज्ञान तथा मानव अधिकारको क्षेत्रमा विकसित गरिएका उत्कृष्ट अर्न्तराष्ट्रिय अभ्यासहरूबाट सिकेर बनाउनुपर्दछ ।

उत्खनन तथा अवशेष परीक्षणका सम्बन्धमा अन्तरर्राष्ट्रिय क्षेत्रमा 'उत्कृष्ट अभ्यासहरू'को उल्लेखनिय मात्रामा विकास तथा अभिलेखन भएको छ । संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय रेडक्रस समितिले हालैका वर्षहरूमा विभिन्न अन्तर्राष्ट्रिय अनुभवहरूको आधारमा पाठ्सामाग्री विकसित गरेका छन्, जुन निशुल्क उपलब्ध छ ।

त्यस्तै कानुनी चिकित्सासम्बन्धी अन्य अर्न्तराष्ट्रिय मानवशास्त्रीय (forensic anthropology) समूहहरूले पनि यस्तै प्रकारका अभिलेख र नमुना विधिहरू विकसित गरेका छन् । त्यस्ता सामाग्री तथा तिनको अभ्यासको पहिचान नेपालका लागि ज्यादै महत्वपुर्ण छ ।

**बेपत्तासम्बन्धी कार्यका उत्कृष्ट अभ्यासहरूसम्बन्धी पाठ्यसामाग्रीका उदाहरणहरू**

हराएका व्यक्ति तथा तिनका परिवारहरू :- सन्दर्भ दस्तावेजहरू (अन्तर्राष्ट्रिय रेडक्रस समिति)
The Missing And Their Families: Documents Of Reference (ICRC)

गैर विशेषज्ञद्वारा मृत व्यक्तिका बारेमा मानव अवशेष तथा सुचनाको व्यवस्थापन सम्बन्धी कार्यगत उत्कृष्ट अभ्यासहरू : सबै सशस्त्र बल तथा मानव अधिकारवादी संगठनहरूको लागि (अन्तर्राष्ट्रिय रेडक्रस समिति)
Operational Best Practices Regarding The Management Of Human Remains And Information On The Dead By Non-Specialists - For All Armed Forces And Humanitarian Organizations (ICRC)

हराएका व्यक्ति, डि.एन.ए. परिक्षण तथा मानव अवशेषको पहिचान : सशस्त्र द्वन्द्व तथा सशस्त्र हिंसाका अन्य अवस्थामा उत्तम अभ्यासको निर्देशिका (अन्तर्राष्ट्रिय रेडक्रस समिति)
Missing People, DNA Analysis And Identification Of Human Remains- A Guide To Best Practice In Armed Conflicts And Other Situations Of Armed Violence (ICRC)

गैरकानुनी स्वेच्छाचारी तथा आमहत्याको प्रभावकारी रोकथाम र अनुसन्धानसम्बन्धी संयुक्त राष्ट्रसंघीय निर्देशिका,
United Nations Manual on the Effective Prevention and Investigation of Extra-Legal, Arbitrary and Summary Executions, UN.DOC.E/ST/CSDHA/.12(1991)

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त, मेक्सिकोको लागि विकसित मानव अधिकारको उल्लंघनद्वारा मृत्यु भएको शंका गरिएका मृत्युको कानुनी अनुसन्धानका लागि नमुना विधिहरू सन् २००१
Model Protocols On The Forensic Investigation Of Deaths Suspected To Have Been Caused By Human Rights Violations, developed for the UN High Commissioner for Human Rights, Mexico, 2001

## ९.६. तालिम तथा साझेदारीका अवसरहरू

नेपालमा उपलब्ध कानुनी परीक्षणसम्बन्धी (forensic) विशेषज्ञताको लेखाजोखा प्रतिवेदन तयारीको क्रममा समयको सीमितताको कारण गर्न सकिएन । यद्यपि, एकिकृत तथा सुदृढ विशेषज्ञता विकास गर्नका लागि कम से कम निम्न लिखित स्रोतहरु उपलब्ध रहेका छन् :–

- यस प्रक्रियालाई सहयोग पुऱ्याइरहेका चारजना कानुनी चिकित्साका विशेषज्ञहरु (forensic pathologists)
- दुई जना उच्च स्तरीय विशेषज्ञहरू
- मानव अवशेषका पुरातात्विक प्राप्तिमा दक्ष पुरातत्वविद्हरु खटाउन सक्ने एक सरकारी पुरातत्व विभाग
- प्रयोगशाला तथा एक्सरे सुविधा, आदि प्रदान गर्न सक्ने काठमाडौंको शिक्षण अस्पताल लगायतका मेडिकल स्कुलहरू
- नरम तन्तु परिक्षण गर्न सक्ने स्थानीय डि.एन.ए. प्रयोगशाला
- अन्तर्राष्ट्रिय विशेषज्ञता करार गर्नसक्ने इच्छाशक्ति : दुइ वटा घटनाहरु (मैना सुनुवार तथा शिवपुरी क्षेत्र)मा अन्तर्राष्ट्रिय विशेषज्ञहरुको सहयोगमा उत्खनन र प्राप्त अवशेषहरुको परिक्षण गरिएको छ ।

- कानुनी चिकित्साको कम्तिमा एकजना नेपाली विशेषज्ञ (forensic pathologist) ले मानव अवशेष प्राप्ति सम्बन्धी उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासहरूबारे दुइवटा तालिम कार्यक्रममा भाग लिएको तथ्यले उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासहरू सिक्ने चाहनालाई इंगित गर्दछ ।

केही खास घटनाहरुमा बाह्य विशेषज्ञ ल्याई कानुनी चिकित्साका स्थानीय विशेषज्ञहरु (local forensic pathologists) मार्फत नै हाललाई अहिलेकै तरीकाबाट काम जारी राख्न सकिन्छ । तर भविष्यमा गर्नु पर्ने हुन सक्ने थुप्रै बेपत्ता सम्बन्धी घटनाहरूमा यो विधि उपयुक्त हुँदैन ।[२६]

नेपालमा विभिन्न किसिमबाट उत्खननको लागि उपयुक्त विधि विकास गर्न सकिन्छ । उदाहरणको लागि :–

प्रथम चरण: नेपालको कानुनी चिकित्सा (forensic) प्रणालीको मुल्यांकन गर्न तथा अन्तर्राष्ट्रिय वैज्ञानिक मापदण्ड अनुसार अवशेषसम्बन्धी अनुसन्धान, उत्खनन तथा परीक्षण संचालन हुने कुरा सुनिश्चित गर्ने विधि प्रस्ताव गर्न कानुनी परीक्षणसम्बन्धी मानवशास्त्र (forensic anthropology) तथा मानव अधिकारसम्बन्धी अनुसन्धानका क्षेत्रमा अनुभव प्राप्त गरेका व्यक्तिहरूद्वारा प्राविधिक मूल्यांकन

र/वा

दोस्रो चरण: सम्बन्धित व्यक्तिहरू तथा पक्षहरूसँग मिलेर यस कार्यका लागि आधारभुत सिद्धान्तहरू, सांगठनिक तथा कानुनी परीक्षणका (forensic) प्रकियाहरूको स्थापनातर्फ लक्षित यस क्षेत्रमा कार्यरत व्यक्तिहरूद्वारा नेपालमा संचालन गरिने तालिम तथा विधिसम्बन्धी कार्यशालाहरू ।

यस्ता प्रयासहरू गर्दा स्थानीयतहका भूमिका निर्वाहकर्ताहरूलाई समावेश गर्न विशेष संवेदनशीलता अपनाउनु पर्दछ ।

यसका अतिरिक्त पीडितका परिवारहरू, पीडितका संगठनहरू तथा गैरसरकारी संस्थाहरूको पनि यस सम्बन्धमा निर्णायक भूमिका हुन्छ र यिनका आवश्यकतापूर्तिको लागि उपयुक्त हुने विधि सुनिश्चित गर्न यिनीहरूसँग पनि परामर्श गरिनुपर्दछ र यिनीहरुलाई पनि सम्पूर्ण प्रक्रियामा संलग्न गरिनुपर्दछ । पूर्णरुपमा राज्यद्वारा निर्देशित गरिने बेपत्तासम्बन्धी कार्यको अनुसन्धान, उत्खनन र परीक्षणको स्वतन्त्रताबारे यी परिवारहरूको गम्भीर सरोकार हुन सक्छ । यसका साथै पूर्णरुपमा कानुनी प्रश्नमा केन्द्रित अदालती प्रकृयाले पीडित परिवारहरूलाई आघात पुऱ्याउन सक्दछ ।

नेपालमा अवशेष उत्खनन तथा परीक्षणको दीर्घकालिन कार्यको सन्दर्भमा यस्तो कार्य गर्न सक्ने स्थानीय सीपरूको सञ्जाल वा समूह विकास गर्नु बुद्धिमानी हुन्छ । अन्तत्वगत्वा विशिष्ट वैज्ञानिक विधिहरू अनुसार मानव अवशेषको उत्खनन, परिक्षण तथा विश्लेषण सम्बन्धी प्रविधिहरूमा तालिम प्राप्त स्थानीय बहुविधागत वैज्ञानिक समूहको विकास गर्नु उपयुक्त हुन्छ । त्यस्तो समूहमा पुरातत्वविद्हरू, मानवशास्त्रीहरू, दन्तचिकित्सक, वंशाणु विषेशज्ञहरू, आदि रहन्छन् । यस्तो समूहले राष्ट्रिय मानव अधिकार आयोग वा बेपत्ता सम्बन्धी आयोग, जुनै पनि अनुसन्धानात्मक संरचनासँग कार्य गर्न सक्नेछ । त्यस्तो समूह पूरै क्षेत्रको लागि नै श्रोत बन्नेछ ।

## ९.७. तालिमका विकल्पहरू

*अन्तर्राष्ट्रिय रेडकस समितिले* व्यवस्थित तालिम दिन सक्दछ तथा माथि उल्लेखित संभाव्य चरणहरूमा सहयोग गर्न सक्नेछ । यद्यपि, अन्तर्राष्ट्रिय रेडकस समिति-नेपालका प्रमुखले त्यस्तो तालिम स्पष्ट रुपमा जिम्मेवारी बाँडफाँड

[२६] प्रयोगशालामा हाडसम्बन्धी उत्कृष्ट कार्य गर्ने तर सो सीपलाई गोप्य चिहानमा प्रयोग नगरेका शरीर विज्ञानसम्बन्धी कार्य गर्ने विशेषज्ञहरू (anatomical experts) लाई अल्पकालिनरुपमा आयात गर्नं यति श्रेयस्कर हुँदैन ।

भएको सरकारद्वारा स्थापित कार्यक्रम वा बेपत्तासम्बन्धी आयोग जस्ता संरचना बन्छ भन्ने सशक्त संकेत मिलेको सन्दर्भमामात्र प्रदान गरिने संकेत गरेका छन् । केही यस्ता शक्ति तथा अधिकार राष्ट्रिय मानव अधिकार आयोगलाई भएपनि यस्तो संरचना भने अहिलेसम्म नेपालमा बनिसकेको छैन । कानुनी चिकित्साका एकजना नेपाली विशेषज्ञ (forensic pathologist) लाई तालिम दिन सहयोग गरिसकेको तथा नेपालमा आई कार्य गरिरहेको अन्तर्राष्ट्रिय रेडक्रस समितिले यहाँ गरिने त्यस्ता कुनै पनि कार्यको अभिन्न भाग बन्नु आवश्यक हुन्छ ।

माथि सुझाइएका कार्यशालाहरू वा प्राविधिक परीक्षण संचालन गर्न तथा उपयुक्त चरण सुझाउन पनि सहायता गर्न सक्ने अर्जेटिनी फोरेन्सिक मानवशास्त्र समूहजस्ता थुप्रै *अन्तर्राष्ट्रिय कानुनी चिकित्सासम्बन्धी मानवशास्त्रीय (forensic anthropology) समूहहरु* रहेका छन् । यस्ता समूहले राष्ट्रिय मानव अधिकार आयोगजस्ता राज्य संरचना तथा सम्बन्धित गैरसरकारी संस्थाहरुसँग छोटो वा मध्यम अवधिका साझेदारी स्थापना गर्न सक्दछन् ।

कानुनी चिकित्साका विशेषज्ञहरु (forensic pathologists) का अतिरिक्त विविध प्रकारका तालिम समूहहरू परिचालन गरिनुपर्दछ । यसमा पुरातत्व विभाग र त्यहाँका विद्यार्थीहरू, शरीर विज्ञान(Anatomy)का विद्यार्थीहरू आदिलाई समावेश गर्न सकिन्छ ।

## ९.८. डि.एन.ए. तथा वंशाणुसम्बन्धी सुचना

नेपालसँग अहिले हाडका नमुनाहरुबाट डि.एन.ए. परीक्षण र विश्लेषण गर्ने क्षमता छैन, मात्र नरम तन्तुहरूको परिक्षण गर्न सक्दछ । नेपालमा अहिले नै डि.एन.ए. परीक्षण प्रविधि भित्रचाउने कुरा सोच्नु हतारको काम हुन सक्छ । त्यसैले, डि.एन. ए. परीक्षण गर्न नेपालले अहिलेको लागि विदेशी प्रयोगशालामै भर पर्नुपर्ने हुन्छ । मैना सुनुवारको घटनामा डि.एन.ए. परिक्षण गर्ने प्रयास गरिएको थियो । भारतीय प्रयोगशालामा परिक्षण गर्न पठाइएकोमा परिणाम भने प्राप्त हुन सकेन ।[२७]

तथापि, भविष्यमा उत्खननको प्रयोजनका लागि अहिले नै हराइरहेका व्यक्तिका परिवारका सदस्यहरूबाट नमुनाहरू लिई राख्न सकिन्छ । उपयुक्त संस्थामार्फत नमुना तथा वंशाणुगत सुचना संकलन र भण्डार गर्ने तालिम संचालन गर्न सकिन्छ ।

उपयुक्त उत्खनन तथा पहिचान अभियोजन र परिपुरणका लागि महत्वपुर्ण हुने भएकोले यस्ता उत्खनन तथा परीक्षणहरू विना कुनै ढिलासुस्ती उपयुक्त विधिमा गर्नु दण्डहीनता, जवाफदेहीता र पीडितका लागि राहतको विषयलाई सम्बोधन गर्न खोज्ने सबै सरोकारवालाहरूको पक्षमा हुनेछ ।

[२७] यो प्रतिवेदन तयार गर्दाको समय पश्चात् डि.एन.ए. परिक्षणसम्बन्धी अन्य प्रयासहरू भएका हुन सक्दछन् ।

## घटना अध्ययन : स्थानीय उत्खनन समूहको निर्माण

दक्षिण अफ्रिकामा हराइरहेका व्यक्तिहरूको सम्बन्धमा कार्यसमूह (Missing Persons Task Team) को निर्माण प्रक्रियाको अध्ययनले स्थानीय क्षमता विकासका प्रमुख पक्षहरूमा प्रकाश पार्दछ ।

### घटना अध्ययन :
### दक्षिण अफ्रिकामा उत्खनन समूहको विकास

दक्षिण अफ्रिकामा गत दुई वर्षमा निम्न पक्षहरू रहेको एक स्थानीय उत्खनन समूह निर्माण गरिएको छ :–

- स्नातकोत्तर तहका शरीर विज्ञान (Anatomy) का विद्यार्थीहरू
- स्नातकोत्तर तहका पुरातत्व (Archaeology) विषयका विद्यार्थीहरू
- कानुनी चिकित्साका विशेषज्ञहरू (Forensic Pathologists)
- शरीर विज्ञान (Anatomy) का प्राध्यापहहरू
- अर्जेन्टिनी फोरेन्सिक मानवशास्त्र समूह(Argentine Forensic Anthropology Team-EAAF) सँगको साझेदारी

उपरोक्त समूहले विशेष घटना तथा परियोजनाहरूमा अर्जेनटिनी फोरेन्सिक मानवशास्त्र समूह(EAAF)सँग मिलेर काम गरेको छ। अर्जेन्टिनी फोरेन्सिक मानवशास्त्र समुह (EAAF) उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासहरूअनुसार तालिम दिन, उत्खननको निर्देशन र व्यवस्थापन गर्न, प्रयोगशालामा अवशेषको परीक्षण गर्न तथा प्रतिवेदन लेख्ने काम सम्बन्धी प्रशिक्षण दिन सक्षम भयो। अहिले दक्षिण अफ्रिकामा पुरातात्विक मानव शास्त्रीय विशेषज्ञता भएको EAAF को एकजना दीर्घकालिन अन्तर्राष्ट्रिय सदस्य रहेको छ जसले अनुसन्धान समूह तथा स्थानीय उत्खनन समूहसँग मिलेर काम गर्दछ। यसरी स्थानीय उत्खनन समूह स्वतन्त्र रुपमा परियोजनाहरु संचालन गर्न सक्षम भएको छ। हालैमात्र यस कार्यमा संलग्न १० जना व्यक्तिहरुले अफ्रिकी फोरेन्सिक मानवशास्त्र समूह (African Forensic Anthropology Team-AFAT) को गठन गरेका छन्।

दक्षिण अफ्रिकामा व्यक्तिगत चिहानहरूबाट ५० जनाको उत्खनन कार्य भएको छ। तीमध्ये, २५ जनाको अवशेष तिनका परिवारहरूलाई हस्तान्तरण गरिसकिएका छन् भने अन्य अवशेषहरूमा डि.एन.ए. परीक्षणको परिणाम प्राप्त नभएको वा अन्य जटिलताका कारण त्यसै राखिएका छन्।

दक्षिण अफ्रिकाको एक स्थानीय विश्वविद्यालयमा रहेको डि.एन.ए. परिक्षण प्रयोगशालालाई पुराना तथा सडेका हाडबाट डि.एन.ए. झिक्ने प्रशिक्षण दिइयो। अहिलेसम्ममा त्यस प्रयोगशालामा पठाइएका धेरैजसो घटनाहरुमा तिनीहरू परिणाम दिन सक्षम भएका छन्।

यस सफल अवस्थाको विकासका मुख्य पक्षहरू निम्न हुन् :–

- एउटा अन्तर्राष्ट्रिय फोरेन्सिक मानवशास्त्र समूहसँगको साझेदारी। अनुसन्धानको कार्य सकिएपछि उत्खनन तथा परीक्षणको कार्य गर्न यस्तो समूहलाई दक्षिण अफ्रिका ल्याइयो। तालिममा जोड दिँदै तिनले स्थानीय समूहसँग मिलेर काम गरे।
- मानवशास्त्र, शरीर विज्ञान र पुरातत्व विज्ञानका स्थानीय संस्थाहरूसँगको साझेदारी।
- आफ्नो सीपलाई मानव अधिकारको क्षेत्रमा प्रयोग गरेर यस क्षेत्रमा काम गर्न समर्पित तथा प्रतिबद्ध स्नातकोत्तर तहका विद्यार्थीहरूको भर्ती। तिनलाई तिनको कामको लागि समान्य स्तरको तलव दिइन्थ्यो। केहीलाई छोटो अवधिको सघन कार्यगत तालिमका लागि यसै वर्ष विदेश पठाइदैछ।
- हाडका नमुना परीक्षण गर्न एउटा स्थानीय डि.एन.ए. प्रयोगशालाको प्रशिक्षण र स्तरोन्नति।
- प्रभावित परिवारहरूलाई अवशेष हस्तान्तरण गर्ने सम्बन्धमा स्थानीय राजनैतिक तथा सरकारी संरचनासँगको सम्पर्क।

दक्षिण अफ्रिकामा तालिमको लागि अन्तर्राष्ट्रिय रेडकस समितिलाई उपयोग गरिएको छैन तर भविष्यका लागि भने यस्ता योजनाहरू रहेका छन्।

दक्षिण अफ्रिकामा हराइरहेका व्यक्तिहरुका घटनाहरु हजारौंको संख्यामा छैन तापनि उल्लेखित सीपहरूको संजाल अझ व्यापकरुपमा क्षेत्रीय तथा उपक्षेत्रीय रुपमा उपलब्ध गराइनेछन् र त्यस संजालमा अफ्रिकी महादेशबाट अन्य व्यक्तिहरूको भर्ती र तालिम हुनेछ।

# निष्कर्ष

बेपत्तासम्बन्धी कार्य नेपालमा संक्रमणकालिन न्यायका क्षेत्रमा भविष्यमा हुने कार्यको महत्वपूर्ण तथा गतिशील भाग हो । यस प्रतिवेदनले नेपालमा यस क्षेत्रमा रहेका केही चुनौती, समस्या र अवसरहरुलाई अवधारणागत तथा ठोस रुपमा प्रष्ट पार्ने कोसिस गरेको छ । यसले नेपालमा विभिन्न भूमिका निर्वाहकर्ताहरूले शुरु गरिसकेको यस क्षेत्रको कार्यलाई अझ सुदृढ र विकसित गर्न सहयोग पुग्नेछ भन्ने आशा लिइएको छ ।

यस प्रतिवेदनमा थुप्रै आलोचना गरिएको हुँदाहुदै पनि विभिन्न गैरसरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था तथा भर्खरै विकसित पीडित पक्षका संगठनका उत्कृष्ट कार्यमा आधारित भई नेपालमा बेपत्ता सम्बन्धी कार्यमा उल्लेख्य प्रगति गर्न सकिने ठूलो आशा एवं संभावना रहेको छ । क्षेत्रीय रुपमा प्रभाव छाड्न सक्ने गरी नेपालमा बेपत्ता सम्बन्धी समस्याको समाधानमा नयाँ विधि विकसित गर्ने संभावना देखिन्छ । संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्रले छलफल, कानुन, कार्यक्रम तथा अभ्यासका विभिन्न चरणहरूमा उच्च मापदण्ड कायम गर्न भूमिका खेल्न सक्नेछ ।

बेपत्तासम्बन्धी कार्य नागरिकको समावेशीकरणको लागि एक उपयुक्त हस्तक्षेप हुन सक्दछ । बेपत्ता पार्ने कार्य नै विशेषगरी सामाजिक, आर्थिक तथा राजनैतिक रुपले सिमान्तीकृत व्यक्तिहरुको नागरिक अधिकारको हनन गर्ने कार्य हो । अनुसन्धान, उत्खनन, अवशेष परीक्षण, अभियोजन तथा परिपुरणसम्बन्धी कार्यहरूले समावेशी कार्यको निर्माण गर्दछ । बेपत्ता पार्ने कार्यलाई संभव तुल्याउने विभेदपूर्ण तथा सोपानयुक्त नागरिक सम्बन्धलाई यस हस्तक्षेपले चुनौती दिन्छ । यसरी बेपत्तासम्बन्धी चुनौतीको सामना गर्नु व्यक्तिगत घटनाहरूको समाधान गर्नु मात्र होइन, संकुचित र स्तरीकृत नागरिक सम्बन्धलाई पनि चुनौती दिनु हो । तसर्थ यो नेपालमा हिंसा र दण्डहीनताको अन्त्य गर्ने चुनौतीसँग गाँसिएको छ ।

# अन्तरवार्ता लिइएका संगठन तथा व्यक्तिहरूको सूची

ग

## अन्तरवार्ता लिइएका संगठन तथा व्यक्तिहरुको सुची

**संक्रमणकालिन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (ICTJ)**
कार्ला फहार्डो
वासुकी नेसिया
वरिशा फरासात

**संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (OHCHR)**
सान्द्रा बेइदास
एन्मेरी देभोरे
लुसिया विदर्स

**संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (OHCHR) का भुतपूर्व कर्मचारी**
जोन टिनेला

**बन्दी जाँफबुफ टोलीका पूर्व सदस्य**
गोविन्द बन्दी

**नेपालका उप महान्यायधिबक्ता**
नरेन्द्र पाठक

**एड्भोकेसी फोरम**
कोपिला अधिकारी
जितेन्द्र बोहरा
मन्दिरा शर्मा

**नेपाल बार एशोसिएसन (NBA)**
बालकृष्ण देवकोटा
गोविन्द बन्दी
हरि उप्रेती

**राष्ट्रिय मानव अधिकार आयोग (NHRC)-बेपत्ता इकाइ**
बासुदेव बजगाइँ
श्यामबाबु काफ्ले
गिता कुमारी दाहाल
रेगम मर्हजन

**इन्टरनेशनल कमिसन अफ जुरिस्ट(International Commission of Jurists-ICJ)**
सु आपलयार्ड
हरि फुँयाल
सतिश खरेल
गोविन्द बन्दी

**अन्तर्राष्ट्रिय रेडकस समिति (ICRC)**
जन पल करबोज

**धाडिङ्गको पिडित समूह, धाडिङ्ग**

**लमजुङको सामाजिक न्यायका लागि समिति (Committee for Social Justice-CSJ)**
राम कुमार भण्डारी

**संज्ञा**
उषा तितिक्सु
रेश्मा थापा
अनुप सुवेदी